# विवाह र सम्बन्ध विच्छेद

आउनुहोस् प्रार्थनाको एक क्षणको लागि अब हाम्रो शिर झुकाऔं। परम अनुग्रही पिता, आज बिहान यो सभाघरमा हुनुको सौभाग्यको लागि हामी तपाईलाई धन्यवाद दिन्छौ, दिनको परिणामको सामना गर्दै। तर आजको दिनले के राख्छ हामी जान्दैनौ, तर कसले आजको दिनलाई थाम्नुहुन्छ सो हामी जान्दछौ। त्यसैले हामी प्रार्थना गर्दछौ उहाँ जसले आज र भोली, सबै अनन्तकाल थाम्नुहुन्छ, आज हामी उहाँको नाउँमा भेला हुदै गर्दा आज उहाँले हामीलाई आशिष दिनुहुनेछ, ताकी हामीले उहाँलाई सेवा गर्न कसरी जिउने भनि अझै राम्रोसँग जान्न सक्नेछौ। यो नै हाम्रो पूर्ण अभिप्राय हो, पिता। परमेश्वर, जसले हाम्रो हृदयलाई जान्नुहुन्छ, यो सत्य हो भनि जान्नुहुन्छ। हामी आफैलाई तपाईमा सुम्पन्छौ, तपाईको सेवाको लागि, दिनको—भविष्यको हिस्सा सहित, येशू ख्रीष्टको नाउँमा। आमेन।

2 बस्नुस्। (तपाईलाई धन्यवाद। यहाँ अर्को एउटा छ।)

3 शुभ प्रभात, देखिनुभएको दर्शकहरु साथसाथै सबै देशभरिका अदृश्य श्रोताहरु जहाँ हामी यस बिहानमा जोडिएका छौ। यसले मलाई यहाँ आएर यस बिहानमा यस महत्वपूर्ण विषयमा बोल्ने एउटा महान शौभाग्य प्रदान गरेको छ। देखिने दर्शकहरुको लागि, यो वास्तवमै थोरै भ्रामक छ, किनभने त्यहाँ केवल मेरो अगाडि पर्दा छ, तब मैले दाहिने र देब्रे तर्फ बोल्नुपर्छ। र अदृश्य श्रोताहरुको लागि, मेरो दाहिने पट्टि सभागृह छ, र मेरो देब्रे पट्टि व्यायामशाला पनि छ; र म भुँईमा छु, बीचमा खुला पर्दा सहित, मेरो दाहिने हात र देब्रे हात बनाउदै। र हामीसँग अतिप्रवाह छ, यस बिहानमा, सभागृहबाट, व्यायामशालासम्मै, र मण्डली पनि, मण्डली तल आठौं र पेन स्ट्रिटमा। र अतिप्रवाह भएको ठाउँहरुमा, टेलीफोन प्रणालीले यसलाई अर्को ठाउँतिर लाँदैछ।

4 हामीले प्रभुमा महान समय बिताएका छौ, र यस बिहान यस सेवाको ल्कागी ठूलो अपेक्षाका साथमा छौ। र अब आज राति यो चार दिने अभियानको समापन समय भएकोले, किन, हामी निश्चित रूपमा सबैलाई, जो सक्नुहुन्छ, यहाँ हुनको लागि निमन्त्रणा गर्दछौ। हामी भरोसामा छौ कि प्रभुले आजराति केहि चरम असाधारण काम गरेर हामीलाई महान समापन

दिनुहुनेछ, यतिसम्म कि उहाले सबै बिरामीहरुलाई निको पार्नुहुनेछ र महान् कामहरु गर्नुहुनेछ जुन उहाले सामान्यतया गर्नुहुन्छ। र हामी साँझको लागि ठूलो अपेक्षामा छौ। जनहरुलाई हार्दिक निमन्त्रणा छ, हरेकलाई, सबै सम्प्रदायका सबै मण्डलीहरुलाई। तपाई एउटा इसाई नै हुनुपर्दैन; हामीले साचो रूपमा पापीहरुलाई भित्र आउन, र हाम्रो माझमा बस्नको निम्ति बोलाईरहेका छौ। र परमप्रभुको बाटो के हो भनि उहाँहरुलाई सिकाउन हामी हाम्रो उत्तम प्रयास गर्छौं, ताकी हामी जीउन सकौ।

5 अब म आशा गर्छु कि दर्शकहरु आत्तिने छैनन्। र म परमेश्वरमा भरोसा राख्दैछु कि म आत्तिनेछैन, किनकि मैले भयानक रात बिताएको छु, धेरै तनाव भोगेको छु। किनकि म जान्दछु कि आज बिहान मैले भनेको कुराहरु न्यायको दिनमा मेरो विरुद्धमा लगिनेछ, र म—म सुत्न सक्दिन थिए, र मलाई थाहा छ कि यदि मैले ती कुराहरु भनिन भने यो मेरो विरुद्धमा न्यायको दिनमा लगिनेछ। त्यसैले यसले कठिन बनाउछ, तपाईले यसलाई व्याख्या गर्न सक्नुहुन्न।

6 र अब यस बिहान यो महान विषय हो जसको बारेमा हामी छलफल गर्नेछौ जुन *विवाह र सम्बन्ध विच्छेद* हो। र मैले यसलाई सन्डे स्कूल बनाउनुको कारण, ताकी हामीले यसको बारेमा कुरा गर्न सकौँ अनि हाम्रो समय लिन सकौँ, त्यसमा प्रवचन प्रचार गर्नुको सट्टामा। यो धर्मशास्त्रबाट एउटा शिक्षा हो।

7 र म—म त्यो भन्न चाहन्छु, यदि कुनै सेवक वा सेवकहरु, कुनै ठाउँमा, यो टेप उहाँहरुको हातमा कहिल्यै पर्यो भने, यदि हामीले यो टेपलाई जारी गर्यौं भने...मलाई थाहा छैन यस विषयमा मण्डलीले के गर्नेछ। म भाई फ्रेडलाई यो टेप जारी गर्नुभन्दा अगाडि मण्डलीको समितिलाई हेर्नको निम्ति अनुरोध गर्दैछु। र देश भरिका तपाई मानिसहरुलाई, जोसँग टेप रिकर्डरको सेटिंग छ, कृपया तपाईले भाई सोथमनबाट यसको बारेमा नसुनुन्जेल टेपलाई बाहिर आउन नदिनुहोस्।

8 अब, यदि यो खुला छोडियो भने, र कुनै पनि सेवक दाजुभाईहरु, वा कुनै पनि इसाई कतै पनि, जो यस विषयमा मैले भनिरहेको छु त्यसमा असहमत हुनुहुनेहरु, म—म भरोसा गर्छु कि तपाईले यसको आलोचना गर्नुहुने छैन। यदि तपाईले यसलाई मैले सिकाएको जसरी बुझ्नुहुन्न भने, ठिक छ, एउटा सेवक, एउटा गोठालो भएको नाताले, तपाईसँग त्यसको

हक छ। र तपाईले विश्वास गर्नुभएको कुनै पनि कुराको म कदर गर्छु।

9 र त्यहाँ दुई महान विचारहरु छन् यसमा। र यदि त्यहाँ दुईटा प्रश्नहरु छन् भने, त्यहाँ या त ती मध्ये एउटा सहि हुनुपर्दछ, वा ती मध्ये कुनै पनि सहि होइनन्। त्यसैले हामी यस बिहानीमा, परमेश्वरको वचनलाई हेर्ने प्रयास गर्नेछौ, यसलाई समाधान गर्नको लागि। मेरो लागि, यदि यो एउटा बाइबल प्रश्न हो भने, पक्कै पनि बाइबलसँग यसको उत्तर छ।

10 र अब हामीसंग यी हुनुभन्दा अगाडि, यो विषय शुरू गर्नुभन्दा अगाडि, बरु, मैले वचनको लागि प्रार्थना गर्नुभन्दा अगाडि, म तपाईहरु प्रत्येकलाई व्यक्त गर्न चाहन्छु, कि म...विशेष गरी तपाई इसाईहरु, जुन म चाहन्छु... म—म आज बिहान तपाईहरुले मेरो निम्ति प्रार्थना गरिदिनुभएको चाहन्छु। र सबै अदृश्य श्रोताहरु जो यस बिहान सुन्दै हुनुहुन्छ, मेरो लागि प्रार्थना गर्नुहोस्, किनभने म इमानदार र सत्यवादी हुन चाहन्छु।

11 अब हामी जान्दछौ कि, यी टिप्पणीहरु गर्दा, कसैले, यदि यो केवल एउटा व्यक्ति हो भने, यो जीवन र मृत्युको बिच जस्तो गरि झुण्डिनेछ। यहाँ तपाईहरु धेरै जना हुनुहुन्छ जसले विश्वास गरेर जानुहुनेछ। अवश्य, तपाईहरु धेरैजना, शायद, गर्नुहुन्न। तर मलाई थाहा छ, मेरो सेवकाईमा, त्यहाँ मानिसहरु छन् जो मलाई सुन्न आउछन्, र मैले के भन्नुछ त्यो सुन्दछन्; बाट, ठिक छ, तिनीहरु ठिक आज बिहान यहाँ बसिरहेका छन्, अन्तर्राष्ट्रिय रूपमा, धेरै संयुक्त राज्य, क्यानडा, र समुन्द्र पारीबाट। र तपाईले तनावलाई कल्पना गर्न सक्नुहुन्छ जुन यसले तपाईमा राख्दछ, यो जान्न कि मानिसको अनन्त गन्तव्य तपाईको हातमा राखिएको छ, किनकि उहाँले तपाईले भन्नुभएको कुरा अनुसार न्याय लिनुहुन्छ। त्यसैले परमेश्वरले मलाई जवाफ दिने बनाउनुहुनेछ, र म यो कुरामा जति सक्दो इमानदारीताका साथ आउन चाहन्छु।

12 अब म—म हाम्रा दिदिबहिनीहरुलाई सोध्छु। र मैले मेरा केहि शब्दहरु परिवर्तन गरे ताकी मैले यो तिनीहरुको अगाडि बोल्न सकूँ। बिल्लीको आफ्नो खल्तीमा, यस बिहान, बाहिर त्यहाँ, केहि कुरा छ जुन एउटा— एउटा मिश्रित श्रोताहरुको अगाडि भन्न सकिदैन। र केहि जसलाई मैले शायद बन्नेछु, तपाईहरुले बुझ्नुपर्छ। यसलाई—तपाईको भाईको रूपमा लिनुहोस्, मैले जानेसम्मको यहि हो। तपाई चिकित्सकको कार्यलयमा बसेर उहाँलाई सुन्नुहुन्छ, उहाँले तपाईलाई एकदम स्पष्ट शब्दहरु भन्नुपर्छ। र

तपाईहरु मध्ये केहि जवान युवतीहरु र जवान पुरुषहरु, म तपाईले गलत बुझाई लिनुभएको चाहन्न। तपाईले विश्वास गरेको म चाहन्छु, र केवल स्थिर बस्नुहोस्। याद गर्नुहोस्, सत्यलाई सत्य भनिनुपर्छ।

13 र, अब, कुनै शंका छैन कि त्यहाँ तपाईहरु धेरै जना हुनुहुनेछ जो भनिएको कुरामा असहमत हुनुहुनेछ, तर म तपाईलाई यो कुरा बाइबलबाट प्रमाणित गर्न चाहन्छु। र त्यसपछि म विश्वास गर्छु, यदि तपाई केवल आदरपूर्ण भई सुन्नुहुन्छ भने, तब मैले यति समयसम्म, के कुरामा हथौडा चलाउदै छु भन्ने कुराको सहि बुझाई र धारणा तपाईमा हुनेछ। म विश्वास गर्छु कि यसले यो व्याख्या गर्नेछ, र म विश्वास गर्छु कि यसले गर्नेछ।

14 अब हामी थोरै लामो जान सक्छौ, डेढ घण्टा, वा शायद त्यो भन्दा लामो, यसमा। मलाई थाहा छैन यसले कति लामो समय लिनेछ।

15 र अब फेरी, यो समयमा, म त्यो भन्न चाहन्छु, कि, यो जानेर कि मानिसहरुले तपाईको शब्दहरुलाई लिनेछन्, उनीहरुले गर्छन्, उनीहरुको पाष्टरलाई। र, अवश्य पनि, म एउटा पाष्टर भएको छु।

16 र उनीहरुले पाष्टरको शब्दहरुलाई लिन्छन्, यसरी लिन्छन् जस्तो कि यो एउटा मृत्युहरु जीवनको बीचमा थियो। उनीहरुले आफ्ना पूजारीका वचनहरु लिन्छन्, जस्तो कि यो मृत्यु र जीवनको कुरा हो। र पक्कै पनि, पष्टर, शायद उनले जाने सम्म कसरी गर्ने भनि सम्पूर्ण तरिकाले गर्छन् होला, उहाँले आफ्ना मानिसहरुलाई ठिक उस्तै तरिकाले सकौदैछन् जस्तो उनलाई सेमिनारीमा सिकाईएको थियो; कुनै शंका छैन तर पूजारीले, पनि, भिन्न धर्महरुमा जहाँ पूजारीहरु हुन्छन्, निश्चय नै, पाष्टर वास्तवमै एउटा पुजारी हो; यो मध्यस्थकर्ता हो। त्यसैले, यदि पुजारी, यो सबैमा उनलाई उनको, सेमिनारी र गुम्बाहरुमा सिकाईएको, गहिरो इमानदारीता भएको मानिसले उनलाई जस्तो सिकाईएको थियो उस्तै नै भनिरहेको हुन्छ।

17 ठिक छ, त्यसोभए, म सँग कुनै सेमिनारीको अनुभव वा गुम्बाको अनुभव छैन, र त्यसको विरुद्धमा पनि केहि पनि छैन, तर मेरो एकदम अनौठो जीवन छ।

18 मलाई तब बोलाईएको थियो जब म एउटा सानो केटा थिए। र यसमा देखिने खालको, मलाई एउटा श्रव्य चिन्ह दिईयो, एउटा—एउटा आगोको खामो जुन झाडीमा झुण्डिरहेको थियो, सात वर्षको उमेरमा, ठिक यहाँ युटिका पाइकमा। मेरो बुवा श्रीमान. ओ. एच. वाथेनको लागि काम

गर्नुहुन्थ्यो जसको भर्खरै निधन भयो। र तपाईले पुस्तक पढ्नुभएको छ, तपाईलाई कथा थाहा छ। र त्यस समय देखि...तल नदिमा त्यस बेलामा यो मानिसहरुको अगाडि देखा पर्थ्यो। र अब यो तस्बिर लिईएको छ, धेरै पटक, र यो वाशिंगटन, डीसी मा प्रतिलिपि अधिकारको रूपमा झुण्डिएको छ, कलाको धार्मिक भवनमा, एक मात्र अलौकिक प्राणीको रूपमा जुन वैज्ञानिक रूपमा तस्बिर प्रमाणित गरिएको थियो; उही आगोको खम्बा, ठ्याक्कै उही रूप र सबै तरिकामा, जसले इस्राएललाई मिश्रबाट बाहिर ल्यायो। म विश्वास गर्छु कि यो येशू ख्रीष्ट आत्माको रूपमा, परमेश्वरको पुत्रत्वमा हुनुहुन्छ।

19 किनकि उहाँ "मानिसको पुत्र" भनि बोलाईनुभयो जब उहाँ पहिलो पटक आउनुभयो, अहिले उहाँ "परमेश्वरको पुत्र" भनिन्छ, हजार वर्षको राज्यमा उहाँ "दाऊदको पुत्र" भनिनेछ। उहाँ मानिसको पुत्रको रूपमा आउनुहुन्छ, एउटा अगमवक्ता, जस्तो उहाँको बारेमा भनिएको थियो; अहिले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ, अलौकिक रुपमा; आउदै गरेको महान हजार वर्षमा, उहाँ दाऊदको पुत्र हुनुहुनेछ, दाऊदको सिंहासनमा बस्नुहुनेछ। जसरी सबै बाइबल पाठकहरुलाई थाहा छ कि त्यो परमेश्वरसंग दाऊदलाई, एउटा ईश्वरीय प्रतिज्ञा हो, उहाँले आफ्नो पुत्रलाई सिंहासनमा बसाउनको लागि उठाउनुहुनेछ।

20 र अब विचित्र, विशेष सेवकाईमा, मलाई "परमेश्वर" देखि "एउटा शैतान" सम्म सबै भनेर बोलाईएको छ। र त्यो, केवल यो सधै त्यहि तरिकामा हुन्छ।

21 त्यो नै क्याथोलिक मण्डलीको आर्कबिशपले मलाई अर्को रातमा त्यहाँ भनेका थिए, छलफल थियो, कि उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, बप्तिष्मा दिने यूहन्नाले आफैलाई धर्मशास्त्रमा स्पष्ट रूपमा चिनाए, जसरी अगमवक्ता यशैयाले भनेका थिए।" उहाँले भन्नुभयो, "तपाईको सेवकाई मण्डलीमा स्पष्ट रूपमा पहिचान गरिएको छ।" उहाँले भन्नुभयो, "लूथरनहरु बाइबलमा छन्।" उहाँले भन्नुभयो, "लुथरनहरुले लूथरलाई चिने। वेस्लीवादहरुले वेस्लीलाई चिन्छन्। तर पेन्टिकोष्टलको बारेमा के हो?" भन्नुभयो, "तिनीहरु भौतारिदैछन्। तिनीहरुलाई थाहा छैन कहाँ जाने भनेर।"

र मैले भने, "श्रीमान, म यसको कदर गर्छु।"

22 र त्यहि समयमा महिलामा आत्मा गिर्यो, मलाई कहिल्यै देख्नुभएको

थिएन, उहाँको श्रीमती...र उहि कुरा बोल्नुभयो र पहिचान गर्नुभयो।

23 अब, इमानदार भएर भन्दा, यो बिहान म यो सन्देश बोल्नुभन्दा पहिले, मलाई थाहा छैन। मैले उहाँलाई भने, मैले भने, “श्रीमान, मैले त्यो भन्न सक्दिन। त्यो भन्नु ठूलो ठूलो कुरा हो। यो त्यस्तै देखिन्छ।”

24 एउटा कुरा जुन मलाई थाहा छ, कि त्यहाँ केहि भएको छ, निश्चित रूपमा। यी सबै कुराहरु, केवल, यो वैज्ञानिक रूपमा प्रमाणित छ, र संसारै भरि प्रमाणित भएको छ, यो केवल मिथक मात्रै हुन सक्दैन। यो सत्य हो। यो के हो? मलाई भन्न दिनुहोस्, स्वीकार गरेर, म तपाईसँग यस बिहानमा बोल्नुभन्दा पहिला, मलाई थाहा छैन। मसँग विगतमा बोल्नुहुनेबाट मैले नसुनेसम्म म कुनै पनि चाल चाल्ने आँट गर्दिन र मलाई यी कुराहरु भन्नुहुन्न।

25 याद गर्नुहोस्, हाम्रो प्रभु येशू ख्रीष्टले कहिल्यै पनि आफूलाई परमेश्वरको पुत्रको रूपमा चिनाउनुभएन। उहाँले भन्नुभयो, “तिमीले भन्यौ कि म हुँ; म यसैको निम्ति जन्मे,” र त्यस्तै, तर उहाँले आफैलाई कहिल्यै पनि त्यसरी चिनाउनुभएन।

26 र, अब, त्यो आगोको खामो थियो जसले इस्राएलका सन्तानलाई अगुवाई गरेको थियो, आत्माको रूपमा प्रभु येशू ख्रीष्ट हुनुहुन्थ्यो, (तपाई विश्वास गर्नुहुन्छ?), ती लोगोस जुन परमेश्वरबाट बाहिर गयो।

27 र त्यसपछि जब उहाँ पृथ्वीमा हुनुहुन्थ्यो, उहाँले भन्नुभयो, “म परमेश्वरबाट आए, र म परमेश्वरकहाँ जान्छु।” हामी सबैलाई त्यो थाहा छ।

28 र उहाँको मृत्यु, दफन, र पुनरुत्थान पछि: टार्ससका शाऊल तल दमस्कसको आफ्नो बाटोमा थिए, इसाईहरुलाई—सताउनको लागि, किनभने तिनीहरुले सिकेका कुराको विरुद्धमा उनीहरुले सिकाईरहेका थिए। र उनी एक महान योद्धा थिए; गमलिएलको अधिनमा, त्यस समयको उत्कृष्ट शिक्षकहरु मध्ये एक थिए, तिनीहरुको विद्यालयमा, तिनीहरुको गुम्बामा; र एउटा महान् मानिस, र मण्डलीको एक अधिकारी। र यो महान ज्योति त्यहाँ थियो, आगोको खम्बाले उनलाई प्रहार गरे, मध्य दिनमा। र एउटा आवाजले भन्यो, “शाऊल, शाऊल, तिमीले मलाई किन सताउछौ?”

29 अब यदि तपाईले ध्यान दिनुभयो भने जब पावल, शाऊल, उठे, उनले भने, “प्रभु, तपाई को हुनुहुन्छ?” अब, त्यस केटा, एउटा यहूदी भएकोले, उनले निश्चय नै केहि पनि भन्ने थिएन, जबसम्म यो परमेश्वरको चिन्न हुनेथिएन

भने, उनले यसलाई "प्रभु" भन्ने थिएनन्। त्यसैले, यो उही आगोको खामो थियो।

30 जस्तो येशूले भन्नुभयो, "म परमेश्वरमा जान्छु। म परमेश्वरबाट आएको हुँ, र म परमेश्वरमा फर्कन्छु।"

31 त्यहाँ उहाँ हुनुहुन्थ्यो, फेरी पनि आगोको खामोको रूपमा; उनले भने, "म येशू हुँ जसलाई तिमीले सताईरहेका छौ; सुइरोमा लात हान्दा तिमीलाई नै दुख्छ।"

32 र हामीले बुझ्छु जब प्रेरित पत्रुस, जसलाई मण्डली निर्माण गर्नको लागि साँचाहरु दिईएको थियो, ऊ झ्यालखानामा थियो भनि हामीले पाउछौ, र त्यहि आगोको खामो झ्यालखानाको पर्खालहरुबाट भएर आयो, झ्यालखानाको ढोकाहरु खोलिदियो, पहरेदारलाई समेत कुनै बाधा नदिईकन, र पत्रुसलाई रहस्यमय ढङ्गले बाहिर ल्याए। मेरो लागि, यो येशू ख्रीष्ट हिजो, आज, र सधैंभरि एकसमान हुनुहुन्छ।

33 र त्यसपछि तपाईले सधै कुनै पनि कुरालाई उसको प्रकृतिबाट जान्नुहुनेछ। कुनै पनि कुरा उसको प्रकृतिबाट चिन्नुहुन्छ, यसले फलाउने फलबाट। र म तपाईलाई यसले कस्तो खालको फल फलाउछ त्यो हेर्नको निम्ति भन्छु, यो ज्योति जो परमेश्वर हुनुहुन्छ, किनभने यो सधै परमेश्वरको वचनमा फर्केर जान्छ, परमेश्वरको वचनलाई प्रमाणित गर्छ, परमेश्वरको वचन प्रचार गर्छ, र परमेश्वरले त्यो वचन भौतिक रूपमा नै तपाईको अगाडि प्रमाणित गर्नुहुन्छ। त्यहाँ यसको पछाडि केहि हुनुपर्दछ।

34 मानिसहरुले मलाई एउटा अगमवक्ता भनेका छन्। म आफैलाई कुनै अगमवक्ता भन्दिन, किनभने म त्यो भन्ने आँट गर्न सक्दिन, तर मसँग... भन्नसक्छु, म यो भन्न सक्छु, तर परमप्रभुले मलाई पूर्वदृश्य देख्न दिनुभएको छ, भएका, हुन आउने, र भईरहेका कुराहरु भन्ने बनाउनुभएको छ, दसौ हजारौ पटकसम्ममा पनि, यो एक पटक पनि असफल भएको छैन। सबै कुरा जुन उहाँले हुनेछ भनि भन्नुभएको थियो, त्यो भयो। त्यो हामी सबैलाई थाहा छ। यदि त्यहाँ यस बिहानीमा यो देखिने दर्शकमा एउटा व्यक्ति छ भने, वा कहिँ पनि, एक पटक यो असफल भयो भन्न सक्छ भने, तपाई खडा भएर त्यसो भन्न स्वतन्त्र हुनुहुन्छ। तर यदि सबैलाई थाहा छ हरेक पटक, हजारौ पटक, यो सिद्ध रूपमा ठिक भएको छ, भन्नुहोस्, "आमेन।" [मण्डलीले भन्छ, "आमेन!"—सम्पा।] बुझ्नुभयो? त्यसैले संसारभरि त्यहि नै कुरा

हुनेछ।

35 केहि हुन आउनेवाला छ। परमेश्वरले कहिल्यै पनि यी कुराहरु यसको पछाडि उदेश्य बिना पठाउनुहुन्न।

36 म केवल यहाँ सोच्दै थिए। मैले यसलाई यहाँ राखे, मेरो नोटहरु मध्ये एउटामा। जुन म यस बिहानमा लगाउदैछु, कफ लिंकको एउटा सेट...र तपाईहरु मध्ये धेरैले यो चलचित्रको तारा, जेन रसलको बारेमा सुन्नुभएको छ, र उनको आमा पेन्टिकोष्टल हुनुहुन्छ; र ड्यानी हेनरी उहाँको भाई हुनुहुन्छ, उहाँको पहिलो भाई, उहाँकी आमाको बहिनीको बच्चा। उनी एक ब्याप्टिष्ट थिए। उहाँ त्यो सभामा उभिरहनुभएको थियो, दुई वर्ष अगाडि लस एन्जलस, क्यालिफोर्नियामा, भएको एउटा बिजनेस मेनको सभामा।

37 र मैले भर्खरै एउटा महान्, शक्तिशाली, सशक्त अभिव्यक्तिहरु बोल्दै गर्दा पाएको थिए, कि निरीक्षक समेत, एसेमब्लिज अफ गडको सामान्य निरीक्षकहरु मध्ये एक, उनी बसिरहेको बालकनीबाट तल मंचमा आए, र उहाँले भन्नुभयो, "मलाई विश्वास लाग्दैन कि भाई ब्रन्हामको अर्थ त्यो हो।"

38 मैले भने, "मैले यो भन्नुपर्दछ, श्रीमान। यो **परमप्रभु यसो भन्नुहुन्छ** हो।" र, त्यसपछि, यो यस युगमा मण्डलीको बारेमा थियो।

39 र त्यो समयको बारेमा, यो जवान मानिस जो एक व्यापारी हुन्...उहाँको भाई सकिएको छ...उहाँ त्यहाँ टेलीभिजनको लागि त्यस बिहान तस्बिरहरु खिच्दै हुनुहुन्थ्यो, उहाँको अर्को भाइ—क्यालिफोर्नियाको राज्य सडक पर्यवेक्षक हुनुहुन्छ। र सभा बन्द भएपछि ड्यानी हेनरी अगाडि आए, मंचमा, *यसरी*, जहाँ पुरुषहरु सबै बसेका थिए, उहाँको हात मेरो वरिपरी राख्नको लागि आउनुभयो। र उनले यी शब्दहरु भन्नुभयो, "भाई ब्रन्हाम, मलाई आशा छ कि यो अपमानजनक सुन्दैन, तर," भन्नुभयो, "त्यो प्रकाशको २३ औं अध्याय बनाउन सकिन्छ।" जुन, प्रकाशमा केवल बाईस अध्यायहरु छन्। उहाँले भन्नुभयो, "म आशा गर्छु कि यो अपमानजनक सुनिदैन होला।" उहाँसँग यो भन्दा बाहेक अरु केहि थिएन भन्नलाई...अब, त्यो केटा ब्याप्टिष्ट थियो, र अलौकिकको बारेमा केहि पनि थाहा थिएन। उहाँको अँगालो मेरो वरिपरी राखेर, उहाँले अन्य भाषामा बोल्न थाल्नुभयो।

40 र जब उहाँ अन्य भाषाहरुमा बोल्न थाल्नुभयो, त्यहाँ मेरो अगाडि एउटा—एउटा भारी, काली स्त्री ठिक मेरो अगाडि बसिरहनुभएकि थिईन्, उनी उठिन्, भनिन्, "त्यसलाई कुनै व्याख्या चाहिदैन।" उनले भनिन्, "म

श्रेभपोर्ट, लुइजीयाना, वा, बेटन राउज, लुइजीयानाबाट हुँ।" भनिन्, "त्यो स्पष्ट रूपमा फ्रान्सेली हो।"

41 भिक्टर ले डक्स, जो एक फ्रान्सेली थिए, उहाँ पनि त्यहाँ बसिरहनु भएको थियो, उनले भने, "निश्चय नै, म एउटा फ्रान्सेली हुँ, र त्यो पूर्ण रूपमा फ्रान्सेली थियो।"

42 मैले भने, "एक मिनेट पर्खनुहोस्। *तपाईले* केहि पनि भन्नुभन्दा अगाडि, उहाँले के भन्नुभयो त्यो लेख्नुहोस्, र उहाँले के भन्नुभयो *तपाईले* लेख्नुहोस्। तपाईले के भन्नुहुन्छ त्यो लेख्नुहोस्, र तपाईको टिपोटहरु हेरौ।" र त्यसैले एउटाले तल लेख्यो, र अर्कोले तल लेख्यो, यो यहाँसम्म कि विराम चिन्ह पनि उस्तै थियो।

43 र त्यसपछि करिब त्यहि समयमा, जब उनीहरुले नोटहरु माथि ल्याए, एउटा सुन्दर–देखिने, जब गोरो–टाउको भएको केटा पछाडिबाट हिड्दै आयो। जहाँ, उनको लागि त्यहाँ बस्न पर्याप्त कोठा थिएन; उनी पछाडि माथि उभिरहेका थिए। उनी अगाडि हिड्दै आए, भने, "एक मिनेट, म पनि, एउटा नोट राख्न चाहन्छु।" उनले भने, "म संयु.एन, संयुक्त राष्ट्र संघको लागि फ्रान्सेली दोभासे हुँ।" उनले भने, "म मेरो नोट छोड्न चाहन्छु।"

44 र. यहाँ, सबै तिनओटा नोटहरु दुरुस्तै थिए, फ्रान्सेली भाषा। र यो यस्तो पढिन्छ। यो लिईएको सक्कली नोट हो, नोट जुन ठिक त्यहि समयमा लिईएको थियो। यो ड्यानी, आफैको नोट हो, जुन उनले आफ्नो खल्तीमा राखेका थिए। पक्कै पनि, यो इसाई बिजनेस मेनमा गयो, र त्यस्तै।

> *किनभने तिमीले साँघुरो बाटो चुनेका छौ, कठिन मार्ग, तिमीले आफ्नै चुनावमा हिडेका छौ, तिमीले सहि र सटिक निर्णय लिएका छौ, र यो मेरो बाटो हो।*
>
> *यस महत्वपूर्ण निर्णयको कारणले, स्वर्गको ठूलो भागले तपाईलाई पर्खिरहेको छ। तिमीले कति महिमित निर्णय लिएका छौ!*
>
> *यो, आफैमा, जसले यो दिनेछ, र यो हुन आउनेछ, ईश्वरीय प्रेममा महान विजय।*

45 अब, मानिसले आफ्नो नाम यहाँ हस्ताक्षर गरेका छन्, "माथिको कथन...ड्यानी हेनरीले भाई ब्रन्हामको बारेमा अगमवाणी गरेको कुराद्वारा

व्याख्या गरिएको थियो, लस एन्जलस, क्यालिफोर्नियाको क्याफेटेरियामा तिनजना साक्षीहरुद्वारा दिईएको थियो।"

46 अब, यो उही जवान मानिस जसले यो अगमवाणी दिन्छ, उनले के भन्दै थिए त्यसमा अज्ञात भाई, एक महिना अगाडि यरूशलेममा थिए। उनीसँग बाहिर जाने र—र येशू मर्नुभएको र गाडिनुभएको चिहानमा सुत्ने सुअवसर थियो। र त्यसैले जब उहाँ त्यहाँ पल्टिरहनुभएको थियो, उहाँले भन्नुभयो कि म उहाँको दिमागमा निकै बलियो तरिकाले आएँ र उहाँ रुन थाल्नुभयो। भन्नुभयो, "भाई ब्रन्हामलाई संसार र यी सबै थोक, र सबै मण्डलीहरुको विरुद्धमा खडा हुन कति कठिन भयो!"

47 जस्तो यो—यो एकपटक एउटाको बारेमा भनिएको थियो, बिल्ली ग्राहमको भागको बारेमा, भन्यो, "हामीले बिल्ली ग्राहमलाई देख्न सक्छौ, किनकि सबै मण्डलीहरु उनको निम्ति एकजुट भएका छन्। हामीले ओरल रोबर्ट्स, पेन्टिकोष्टललाई देख्छौ। तर कसरी हामीसँग कहिल्यै केहि हुन सक्छ, जब यो मानिसहरुलाई के सिकाईएको छ त्यसको विरुद्धमा हुन्छ?" यो परमेश्वर हुनुहुन्छ।

48 र, ड्यानी, उनले जे सोखको लागि गर्छन्, उनले सानो ढुंगा बनाउँछन्। उनी क्रूस जहाँ राखिएको छ त्यहाँ गए, जहाँ तिनीहरुले भनेका थिए कि क्रूस चट्टानमा राखिएको थियो। वरपर कोहि पनि थिएनन्, त्यसैले उनले चट्टानको सानो टुक्रा थिए र उनले स्मृतिको लागि आफ्नो खल्तीमा हाले, घर आउनुभयो र त्यसबाट मेरो लागि एक जोडि कफ लिंक बनाउनुभयो। र, अनौठो कुरा, जब उहाँले तिनीहरुलाई बनाउनुभयो, तिनीहरु रगतले लतपतिएको देखिन्थ्यो। र ठिक ती प्रत्येकबाट भएर, निरन्तरतामा, ती दुवैबाट भएर एउटा सिधा, साँघुरो बाटो जान्छ। अब त्यो केवल एउटा... हेर्नुहोस्, अरु कसैले यो याद नगर्न सक्छ, तर मेरो लागि यो मैले विश्वास गरेको कुराहरुको लागि पूरक हो। म विश्वास गर्छु कि सबै कुराको अर्थ छ।

49 र अब, यो समयमा, जे पनि परमप्रभुसँग छ...यदि यो त्यो कुरा होइन जुन उहाँले, मलाकी ४ र लूका १७ को समेत, र अन्य धेरै धर्मशास्त्रका पदहरु जुन यस अन्तिम दिनमा हुनुपर्दछ, म यो अन्त्यमा भन्न सक्छु, यसले मानिसको निम्ति जग बसालेको छ जब ऊ आउनु हुनेछ। त्यसैले म एकदम धेरै धन्यवादी छु कि सर्वशक्तिमान परमेश्वर, यदि यो त्यो तरिकामा हो भने, उहाँले मलाई केहि सानो कुरा गर्न दिनुभएको छ, मेरो अशिक्षित अवस्थामा,

मलाई उहाँको प्रेमको मेरो कदर देखाउनको लागि, उहाँ प्रतिको मेरो प्रेम, र मानिसहरुमा हाम्रो प्रेम देखाउन।

50 त्यसैले, इमानदारीताका साथ, म *विवाह र सम्बन्ध विच्छेदको* यस विषयमा जान्छु। परमेश्वरले हामी सबैमा कृपा गर्नुभएको होस्।

51 र अब ध्यान दिएर सुन्नुहोस्। र, दिदीबहिनीहरु, उठेर बाहिर नजानुहोला; केहि बेरको लागि स्त्री बस्नुहोला। दाजुभाईहरु, तपाईहरु पनि त्यहि गर्नुहोस्। तपाईको सेटहरु त्यहाँ बन्द नगर्नुहोस्, जुन यो हुकअपमा आउदैछ। त्यसो नगर्नुहोस्। यो समाप्त नभएसम्म, केहि मिनेटको लागि स्थिर बस्नुहोस्। ध्यान दिएर सुन्नुहोस्। यदि तपाई असहमत हुनुहुन्छ भने, मैले प्रयोग गर्ने धर्मशास्त्रलाई तल राख्नुहोस्, र त्यसपछि तपाईले आफ्नो निर्णय बनाउनुभन्दा अगाडि तिनीहरुलाई प्रार्थना पूर्वक अध्ययन गर्नुहोस्।

परमेश्वर, हामी यो बिषयमा जाने तयारी गरीरहदा हामीलाई मद्दत गर्नुहोस्।

52 अब, यो थोरै लामो हुनसक्छ। म तपाई कुनै हतारमा हुनुभएको चाहन्न। र बस आफ्नो समय लिनुहोस्, हामीहरु सबै, र परमेश्वरको वचन अध्ययन गरौँ, जस्तो हामीलाई यो कसरी अध्ययन गर्ने भन्ने थाहा छ, सो अनुसार सच्चा र विस्तार रूपमा गरौ।

53 सन्त मत्तीबाट शुरू गरौ, १९ औं अध्यायबाट। र शुरूमा, मलाई लाग्छ, १९ औ अध्यायको ८ औ पदसँग, म शुरू गर्न चाहन्छु। मैले शायद १९ औ पदको १ बाट पनि शुरू गरेर, तल ८ औ पदसम्म पढ्न सक्छु।

54 अब, याद गर्नुहोस्, यी कुराहरु जुन मैले भन्छु त्यो परमेश्वरको वचनबाट आउनुपर्दछ। यो मेरो विचार हुन सक्दैन, किनभने मेरो विचार अरुहरुको जस्तै नै हो। तर यो परमेश्वरको वचनसँग मिल्नुपर्दछ। याद गर्नुहोस्, परमेश्वरले सबैकुरा निरन्तरतामा राख्नुहदछ। उहाँ कहिल्यै परिवर्तन हुनुहुदैन। उहाँ हिजो, आज, र सधै भरि एक समान हुनुहुन्छ। के तपाई त्यो विश्वास गर्नुहुन्छ? उहाँ उस्तै हुनुहुन्छ।

55 अब म १९ औं अध्यायबाट पढ्नेछु।

> *र यो हुन आयो, यी कुरा बोल्नुभएपछि, येशू गालीलबाट, यर्दनपारि यहूदाको, इलाकातिर जानुभयो;*

*ठूला भीड़हरू उहाँको पछि लागे; र उहाँले त्यहाँ मानिसहरूलाई निको पार्नुभयो...*

*फरिसीहरू उहाँकहाँ आएर उहाँलाई जाँच गर्न भनी,...*

56 म त्यहाँ रोक्छु ताकी उहाँलाई जाँच गर्नेहरु को हुन् भनि जोड दिन सकूँ।

*...उहाँलाई सोधे, के कसैले कुनै कारण पत्नीसँग सम्बन्ध विच्छेद गर्न उचित छ?*

*तर उहाँले जवाफ दिदै तिनीहरुलाई भन्नुभयो, के* तिमीहरूले *पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो,*

*र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा...आमालाई छोड्छ, र आफ्नी पत्नीसँग मिलिरहन्छ: र तिनीहरु दुवै एउटै शरीर हुनेछन्?*

त्यसैकारणले *ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।*

*तिनीहरूले उहाँलाई* भने, *मोशाले किन सम्बन्ध विच्छेदको त्यागपत्र दिएर, र...पत्नीलाई त्याग्ने आज्ञा दिए?*

र उहाँले *तिनीहरूलाई* भन्नुभयो, *तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन: तर सुरुदेखि यस्तो थिएन*

अब, परमेश्वर, हामीलाई सहायता गर्नुहोस्।

57 यो धर्मशास्त्र, यो प्रश्न, येशू ख्रीष्टको सेवकाईको शुरूमा नै आयो। र मोशाको सेवकाईको पनि शुरूवातमा नै आयो। यो विश्वासीको हृदयमा एउटा प्रमूख प्रश्न हो। पापीले यसको मतलव गर्दैन। तर यो विश्वासको लागि हो, किनभने विश्वासीले सबै जानेको जति सबै कुरा गर्दछ जुन उसले परमेश्वरको अगाडि सहि जिउनको लागि कसरी गर्ने भनि जान्दछ। त्यसैले यो, कुनै पनि प्रश्न धर्ममा आउदछ भने, *विवाह र सम्बन्ध विच्छेद* को मामिला आउदछ। किन? किनभने यो नै मूल पापको कारण हो। त्यहि निर नै पाप शुरू भयो। र

त्यहि नै कारणले यो हरेक पटक ल्याईन्छ, किनभने यो नै पापको शुरूवात हो।

58 अब मसँग यी सबै कुराहरु व्याख्या गर्नको लागि समय हुनेछैन, तर तपाईको पत्र वा मैले सक्ने कुनै पनि कुराको जवाफ दिन म खुसी हुनेछु। वा, हामीले यसमा लेखिएका पुस्तकहरु पाएका छौ, र धेरै प्रश्नहरु, र यहाँसम्म कि पत्रपत्रिकाहरुबाट काटिएका र यहाँका कुराहरु छन्, यो प्रमाणित गर्नको लागि, हामीलाई थाहा छ कि उनी हव्वा थिईन् (यो स्याउ जुन उनले खान पर्नेथियो, जहाँ यो धर्मशास्त्र अनुसार पनि छैन, अब तिनीहरुले यो खुबानी थियो भनि दाबी गर्छन्; यो कुनै पनि थिएन।) उनले व्यभिचार गरेकी थिईन्, जसले पोहिलो बच्चा जन्मायो, जो कयिन थियो, शैतानको आफ्नै पुत्र, किनकि उनमा नै दुष्ट्याई थियो। यो हाबिलबाट आएन। शैतानको पुत्र कयिन थियो।

59 मलाई तपाईको अब थाहा छ, “हव्वाले भनिन्, ‘मैले परमेश्वरबाट पुरुष जन्माए।’” त्यो एकदम सहि हो।

60 तपाईले शहरको सबैभन्दा चिडचिडा महिलालाई लिन सक्नुहुन्छ, सबैभन्दा खराब पुरुष; यदि तिनीहरुको एउटा बच्चा थियो भने, यो परमप्रभुबाट आउनुपर्थ्यो, किनभने परमेश्वरले नियमहरु सँगै राख्नुभएको छ। अनि यी नियमहरु, सूर्य उदाउने जस्तै; तपाईले एउटा राम्रो खेत ककलबर राख्नुहोस्, यो हुर्किन्छ। र यो हुर्किनुपर्छ, किनभने यो परमेश्वरको नियम हो। जब बीउ रोपिन्छ, यो हुर्किनुपर्छ। अनि परमेश्वरले बाहेक केहिले पनि जीवन दिन सक्नुहुन्न, किनभने यो उहाँको नियम भित्र संचालित हुन्छ। त्यसैकारणले जब हव्वाको गर्भमा दुष्ट बीउ—हालिन्छ, यसले फल दिनुपर्छ, किनभने यो परमेश्वरको उत्पादनको नियम हो। अनि यसले अरु केहि नगरेर फल ल्याउनुपर्छ, र यो परमेश्वरबाट आउनुपर्दछ।

61 त्यहि नै कारण हो कि मानिसहरुले भन्छन्, “साना बच्चाहरु,” कहिलेकाहि, “जो इसाई आमाबुवाबाट जन्मेका छैनन्, तिनीहरु हराउछन्।”

62 येशू ख्रीष्टको रगतले बच्चाको लागि प्रायश्चित गर्छ, मलाई वास्ता छैन यो कतिसम्म जन्मियो र कति दुष्ट जन्मियो। उहाँ परमेश्वरको थूमा हुनुहुन्छ जसले संसारको पाप उठाउनुहुन्छ। सानो बच्चाले पश्चाताप गर्न सदैन, किनभने ऊसँग पश्चाताप गर्नको लागि केहि पनि छैन, र त्यो नै संसारको

थियो जुन ख्रीष्टको रगतद्वारा हटाईएको छ। बच्चाहरु स्वर्ग जान्छन्।

63 यो मूल पाप हो, र त्यहि नै कारणले हो यो—यो प्रश्न गरिएको हुन्छ। जब परमेश्वरबाट कुनै महान् घटना आउँछ, पहिलो कुराको बारेमा: "विवाह र सम्बन्ध विच्छेदको बारेमा के हो?" अब, सधै जस्तै, यो अझै पनि मानिसहरुको विचमा प्रश्न छ। जस्तो यो येशूको समयमा थियो, जस्तो यो मोशाको समयमा थियो, यो सधै उस्तै नै भएको छ, आजको दिनसम्म उस्तै नै छ, मानिसहरुको माझमा एउटा प्रश्न, किनभने मानिसहरुले सत्य के हो भनि जान्न चाहन्छन्।

64 तर जहाँ प्रश्न छ, त्यहाँ उत्तर पनि हुनुपर्छ। र अब एउटा उत्तर भएकोले, जस्तो मैले पहिले भनेको छु, यो हप्ता, त्यहाँ एउटा सहि उत्तर हुनुपर्दछ। र यदि हामीले कुनै पनि कुराको जवाफ पाउछौ, र यो—यो सहि होइन, तब हामीलाई थाहा हुन्छ त्यो गलत थियो भनि। तर त्यहाँ छ, तपाईले अझै पनि सत्य प्रश्नको उत्तर नआएसम्म सोध्नुहुन्छ, यदि तपाई सत्य जान्न चाहनुहुन्छ भने। र यो एउटा बाईबलको प्रश्न भएकोले, यो एउटा बाईबल कै उत्तर हुनुपर्छ।

65 यो मैले भनेको जस्तै हो, यदि यो बिहान म पूर्वत्रि जान चाहन्छु भने, र यसको मैले जानेको उत्तम कुरा, मैले मैदानमा निश्चित केहि कुरा पाउनुपर्छ, र यो सिधै पूर्व हो, म पूर्वमा गए। कसैले भन्यो, "भाई ब्रन्हाम, *यो* पूर्व हो।" यो पूर्व हो, सम्भावित, तर यो उत्तरपूर्वी हो। म त्यहि वस्तु नाघेर जानेछु जसको लागि म हेर्दैथिए; म फर्केर आउछु, यो गलत थियो भनि जानेर। र त्यसपछि यदि कसैले भन्यो, "भाई ब्रन्हाम, *यो* बाटो जानुहोस्, तपाईको दाहिने तर्फ।" अब, त्यो सम्भावित रूपमा पूर्व हो, साथसाथै, तर यो दक्षिणपूर्व हो। मैले खोजेको वस्तु गुमाउनेछु, किनभने म सिद्ध र सिधा मार्गको सिमानाभन्दा पर गएको थिए।

66 अब, यदि त्यो त्यसो हो भने, हामीसँग *विवाह र सम्बन्ध विच्छेदमा* दुईवटा विचारधाराहरु छन्। र त्यो, तिनीहरु मध्ये एकले भन्छ, कि, "एउटा पुरुषको विवाह एक पटक मात्रै हुनसक्छ, जबसम्म उसको पत्नी मर्दैन।" र त्यो प्रश्नहरु मध्ये एक हो, तर, तपाई त्यसलाई पछ्याउन जानुहुन्छ, तपाई बाहिर जानुहुन्छ। र त्यसपछि अर्कोले भन्छ, "ओ, पत्नी वा पति, एकले, व्यभिचार गरेको छ, ती मध्ये कुनैलाई पनि अलग गरेर फेरी विवाह गर्न मिल्छ।" तपाईले आफैलाई त्यसमा बाहिर पाउनुहुन्छ।

67 त्यसैले, हेर्नुहोस्, यो न त दक्षिणपूर्व छ न उत्तरपूर्वी; हामी सिधै पूर्व चाहन्छौ। जब तपाई *यस* बाटो जानुहुन्छ तपाई धर्मशास्त्रबाट बाहिर जानुहुन्छ, जब तपाई *त्यो* बाटो जानुहुन्छ तपाईको धर्मशास्त्र बाहिर जानुहुन्छ। हामी त्यो जान्न चाहन्छौ जहाँ धर्मशास्त्रले धर्मशास्त्रलाई भेट्दछ, र यसको सत्यता के हो जान्न चाहन्छौ। हरेक एउटा फरक बाटो लिन्छन्, र सहि उत्तर ल्याउनबाट असफल हुन्छन्, तर त्यहाँ अझै पनि उत्तर हुनुपर्दछ।

68 यो ठिक त्यस्तै हो, आज, त्यहाँ दुई महान सिद्धान्तको विचारधाराहरु छन् मण्डलीमा; ती मध्ये एउटा क्याल्भिनवाद हो, अर्को अर्मिन–... आर्मिनियनवाद हो। ती मध्ये एउटा विधिविद् हो, अर्को अनुग्रहको हो। र हामीले यो पाउछौ कि अनुग्रहमा विश्वास गर्ने मानिसहरु, क्याल्भिनिस्टहरु, तिनीहरुले भन्छन्, "परमेश्वरलाई आशिष होस्, धुम्रपान गर्नुले मलाई कुनै हानि गर्दैन। मध्यपान गर्नुले मलाई नोक्सानी गर्दैन। मैले यी कामहरु गर्न सक्दछु, मैले अनन्त सुरक्षा पाएको छु।" त्यसपछि हामीले अर्को पक्ष पाउछौ, कानुनवाद, भने, "ओ, म उसलाई हल्लाउन चाहन्छु, म उसलाई मेरो दिमागको एउटा भाग देखाउन चाहन्छु, तर, म एउटा इसाई हुँ, म स्थिर रहनुपर्छ।" हेर्नुहोस्, तपाईले आफैलाई दुई फरक सडकमा पाउनुहुन्छ, र ती मध्ये एउटा पनि सहि छैन। अब, त्यो भन्न गाह्रो छ, तर यो सत्य हो।

69 हामीले आफैलाई दुई भिन्न बाटोहरुमा पाउदछौ; एउटा, एउटा बाटो जादै गरेको; एउटा, अर्को बाटो। अब आउनुहोस् हेरौ सत्य के हो।

70 अब सुन्नुहोस्, र हेर्नुहोस् कतै तपाईलाई यो बुद्धिमानी सुनिन्छ भनि। उदाहरणको लागि, यदि म विदेश जान तयार भए, र म मेरो आफ्नै परिवार लिएर, म मेरी पत्नीलाई बोलाउनेछु, र म भन्नेछु, "हामी जान्छौ–...म विदेश जाँदैछु, प्रिय।" अब यहाँ विधिवादको पक्ष छ, "अब, मेरी पत्नी, म तिमीलाई नियम दिन जाँदैछु! म गएपछि यदि तिमी कुनै पुरुषसँग जिस्कियौ, जब म फर्केर आउछु तिमी सम्बन्ध विच्छेद भएको महिला हुन्छौ। र म तिमीले आँखा बनाएको, तिमी जिस्किएको हेर्न चाहन्न! तिमीले त्यो बुझ्यौ? म तिम्रो पति हुँ! यदि तिमीले यो गर्छौ भने, म जब फर्केर आउछु म तिमीलाई छोड्नेछु।"

71 त्यसपछि उनी जान्छन् र मलाई टाई ल्याउछिन्, र भन्छिन्, "मेरो असल मानिस, म तपाईलाई केहि भन्न चाहन्छु, हेर्नुहोस्, हेर्नुहोस्, कि यदि

तपाईले कुनै महिलालाई आँखा बनाउनुभयो, वा कुनै महिलालाई बाहिर लानुभयो, वा कुनै महिलासँग जिस्किनुभयो भने, तपाई फर्केर आउदा सम्बन्ध विच्छेद भएको मानिस हुनुहुनेछ।" अब, के त्यो खुसीको घर हुनेथिएन त्यो विधिवाद हुन्। ठिक छ।

72 अब, अर्को पक्ष यो हो, कि यदि म विदेश जान्छु र मैले गल्ती गर्छु भने... माथि जाऊ र बहाना, "अब, हेर, म *यस* स्त्रीलाई बाहिर निकाल्नेछु। ओ, मेरी पत्नीसँग सबै ठिकै छ, उसलाई वास्ता छैन।" मेरी पत्नीले भन्छिन्, "म *यो* पुरुषसँग बाहिर जानेछु। यो बिलसँग ठिकै छ, उसलाई वास्ता छैन।" यदि मैले वास्ता गर्दिन भने, त्यहाँ मेरो केहि समस्या छ; मैले त्यस महिलालाई सहि तरिकाले प्रेम गर्दिन। र यदि उनले वास्ता गर्दिनन् भने, त्यहाँ उनमा केहि समस्या छ। उनी मेरी पत्नी हुन्; अरु पुरुषले उनलाई मूर्ख बनाएको म चाहन्न। उनी *मेरी* पत्नी हुन्।

73 अब, यसको सहि तरिका, यो हो कि, त्यहाँ दुवैजनासँग सत्य छ, तर सहि सत्य छैन।

74 अब जब म विदेश जान्छु, यसलाई सहि बनाउन, मेरो सानो परिवार वरपर भेला हुन्छ, र हामी एकअर्कासँग प्रार्थना गर्छौं। र म तिनीहरुलाई परमेश्वरमा सुम्पन्छु, र उनीहरुले मलाई परमेश्वरमा सुम्पन्छन्। र जब हामी त्यसो गर्छौं, हामी विदेश जान्छौ...म विदेश जान्छु। अब, मलाई थाहा छ कि उनले मलाई प्रेम गर्छिन्; मलाई उनीमा भरोसा छ। श–...र म उनलाई प्रेम गर्छु; उनमा मप्रति आत्मविश्वास छ। जबसम्म म उनलाई त्यसरी प्रेम्गर्छु, उनमा मैले अर्को केटिसँग हिड्ने कुनै चिन्ता हुदैन। जबसम्म उनले मलाई सहि प्रेम गर्छिन्, किन, त्यहाँ कुनै अरु पुरुष उनीसँग बाहिर जानेको बारेमा सोच्नु आवश्यक छैन, किनभने उनी मेरी पत्नी हुन् र म उनलाई विश्वास गर्छु।

75 म विश्वास गर्छु, यदि मैले वास्तवमै केहि गलत गरे भने, गल्ती गरे र कुनै महिलासँग गए, र फर्केर आउछु र उनमा स्वीकार गर्छु, र उनलाई भन्छु, "मेडा, मैले त्यसो गर्न खोजेको होइन। म भर्खरै एउटा पासोमा फसे; यो महिला ठिक मकहाँ आईन् र—र मलाई पाखुरामा समातिन्, र *यस्तो–र–यस्तो* गर्न थालिन्," मलाई विश्वास छ कि उनले बुझ्ने छिन्। म विश्वास गर्छु कि उनले मलाई यसको लागि क्षमा दिनेछिन्। तर म यो गर्दिन, कुनै पनि कुराको लागि, किनभने म उनलाई प्रेम गर्छु। उनले मलाई

माफि दिने भएतापनि, म त्यो गर्दिन। मैले उहाँलाई कुनै पनि कुराको लागि, चोट पुर्याउदिन। यद्धपि मलाई थाहा छ कि उनले मलाई यसको लागि माफ गर्नेछिन्, म उनलाई चोट पुर्याउन चाहन्न।

76 र परमेश्वरसँग पनि त्यहि नै तरिकामा हुन्छ। यदि म...यदि एउटा *फिलियो* प्रेम, जुन मानव प्रेम हो, संगतिको प्रेम, एउटा पुरुषलाई आफ्नी पत्नीको बारेमा त्यो महसूस गराउछ भने; *अगापाओ* प्रेमको बारेमा झन् के होला, ग्रीक शब्द जसको अर्थ "परमेश्वरको प्रेम" हो, त्यसले मलाई येशू ख्रीष्टको बारेमा के गर्न लगाउछ? म, जबसम्म म जान्छु र त्यो गर्न चाहन्छु, यो गर्ने मेरो हृदयमा छ! चाहे...म भन्छु, जबसम्म यो गर्ने मेरो हृदयमा छ, म गएर यो गर्छु। विधिवादले मलाई यो गर्न दिदैन, किनभने मलाई थाहा छ कि मैले यो गरेकोमा दण्डित हुनेछु भनि। तर यसको वास्तविक सत्यता तब हुन्छ जब परमेश्वरको प्रेम तपाईको हृदयमा तबसम्म आउदछ, जबसम्म तपाईले यो गर्न *चाहनुहुन्न।* त्यो नै यसको सत्यता हो। त्यहाँ दुई विचारधाराहरु छन्। कुनै विधिवाद वा अन्य होइन, वा क्याल्भिनवाद, यो दुवै हो।

77 अब आज हामीले पाउछौ, त्यहाँ, धेरै भिन्न सम्प्रदायहरु छन्। त्यहाँ क्याथोलिक मण्डली छ, प्रोटेस्टेन्ट मण्डली छ। ती मध्ये हरेकले तिनीहरु बाटो हो भन्छन्, हेर्नुहोस्, "हामीसँग बाटो छ, हामी सत्य हौ।" त्यहाँ मेथोडिष्ट छ, भन्छ, "हामीसँग सत्य छ।" ब्याप्टिष्टले भन्छ, "हामीसँग सत्य छ।"

78 ठिक छ, मेरो लागि, जबसम्म तिनिहारुले त्यो ठान्छन्, त्यो होइन, किनभने येशूले भन्नुभयो, "म सत्य हुँ।" बुझ्नुभयो?

79 त्यसैकारणले, जस्तो गत रातको मेरो प्रवचन थियो, उहाँ नै त्यो ठाउँ हो जहाँ परमेश्वरले आफ्नो नाउँ राख्नुभयो, एकमात्र आराधना गर्ने ठाउँ। तपाई इसाई हुनुहुन्न किनभने तपाई प्रोटेस्टेन्ट हुनुहुन्छ। तपाई इसाई हुनुहुन्न किनभने तपाई क्याथोलिक हुनुहुन्छ। तपाई इसाई हुनुहुन्न किनभने तपाई मेथोडिष्ट, ब्याप्टिष्ट, वा पेन्टिकोष्टल हुनुहुन्छ। तपाई एउटा इसाई हुनुहुन्छ किनभने तपाई येशू ख्रीष्टमा बप्तिष्मा हुनुभएको छ, पवित्र आत्माद्धारा, पानीले होइन। "त्यहाँ एउटै विश्वास; एउटै प्रभु; एउटै बप्तिष्मा छ," त्यो पवित्र आत्माको बप्तिष्मा हो। पानीको बप्तिष्माले तपाईलाई संगतिमा उत्प्रेरित गर्छ। पवित्र आत्माको बप्तिष्माले तपाईलाई ख्रीष्टमा लादछ। त्यहाँ सत्य छ।

80 हामीसँग *विवाह र सम्बन्ध विच्छेदको* पनि दुईवटा विचारहरु छन्। अब, त्यो, हाम्रा परमप्रभुले अन्तिम दिनहरुमा, हामीलाई उहाँको वचनद्वारा सात मोहोरको रहस्य खोलिदिनुभएको छ। अब, तपाईहरु धेरै जना, तपाईहरुलाई यो ग्रिक लाग्ला, तर मेरो मण्डलीले बुझ्नुहुन्छ। के द्वारा? र तपाईले दर्शनहरु र के घटना घटेको छ त्यसको बारेमा सुन्नुभएको छ। र प्रश्न बाईबलको प्रश्न हो, हामीलाई यहाँ यो विश्वास गर्नको निम्ति निमन्त्रित गरिएको हो कि त्यहाँ एउटा साँचो उत्तर छ संसारको उत्पत्ति भए देखि नै लुकाईएका सबै गुप्त रहस्यहरुमा। र बाइबलले भविष्यवाणी गर्छ र भन्छ कि यस दिनमा यी रहस्यहरु प्रकट गरिनेछ। प्रकाश 10, "र सातौ स्वर्गदूत, लाउडिकियाको सन्देशवाहकको आवाजमा, परमेश्वरको रहस्यहरु प्रकट गरिनेछ।" र यो अन्तिम युग हो, जुन लाउडिकिया हो।

81 हेर्नुहोस् यी सबै जागृतिहरु भएका पन्ध्र वा धेरै वर्ष भईसकेकोछ, अनि एउटा पनि नामधारी सम्प्रदाय त्यहाँबाट बाहिर आएको छैन। लुथरको जागृति भयो, त्यहाँ एउटा नामधारी संगठन गयो; वेस्ली, त्यहाँ एउटा नामधारी संगठन गयो; अलेक्जेन्डर क्याम्पबेल, त्यहाँ एउटा नामधारी संगठन गयो; यी सबै अन्य महान...जोन स्मिथ र अन्य, सम्प्रदायहरु, मूडी, सबै सँगै। तर यहाँ एउटा भएको छ...सामान्यतया जागृति मात्र करिब तिन वर्षसम्म रहन्छ। तर यो पन्ध्र वर्ष भन्दा बढि भईरहेको छ, र एउटा पनि सम्प्रदाय यसबाट निस्किएको छैन, किनकि यो बीउको समय हो। त्यहाँ कुनै भुस छैन; एउटा भुस हगईसके पछि, यो बीउ हो।

82 परमेश्वर तयार हुनुहुन्छ, यदि उहाँले अहिले गर्दै हुनुहुन्न भने, उहाँले मण्डलीलाई उहाँको वचन, येशू ख्रीष्टद्वारा सिद्धतामा बोलाउन जाँदै हुनुहुन्छ। ध्यान दिनुहोस्, त्यहाँ कहिँ एउटा जवाफ हुनुपर्दछ, र त्यो परमेश्वरको सात मोहोर रहस्य भएकोले, सात मोहोरहरु...

83 कतिजनाले त्यो बुझ्नुहुन्छ, आफ्नो हात उठाउनुहोस्। हेरौ। मलाई लाग्छ धेरै जसो हाम्रो मण्डली हुनुहुन्छ चरैतिरबाट, सुन्नुहोस्। यदि होइन भने, पुस्तकहरु चाडै नै यस विषयमा, बाहिर आउनेछ। हामीसँग पुस्तकहरु छन्, केहि पुस्तकहरु यसमा अहिले।

84 येशूले, हाम्रो पाठमा, हामीलाई शुरूमा फर्केर जान निमन्त्रणा दिनुहुन्छ, साँचो धर्मशास्त्रीय जवाफको लागि।

85 अब, जब उहाँलाई यो प्रश्न ल्याईयो, त्यहाँ दुईटा कुरा दृष्टिमा थियो।

पूजारीले उहाँलाई भने, “के एउटा पुरुषले आफ्नी पत्नीलाई कुनै पनि कारणले छोडेर अर्को विवाह गर्न सक्छ?”

र येशूले भन्नुभयो, “यो शुरू देखि नै त्यस्तो थिएन।”

त्यसपछि तिनीहरुले भने, “मोशाले किन सम्बन्ध विच्छेदको त्यागपत्र, दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए”

86 उहाँले भन्नुभयो, “त्यो, मोशाले त्यसो गरे किनभने,” म त्यो तारलाई केहि समयको लागि छोड्दैछु, “तिमीहरुको हृदयको कठोरताको कारणले; तर देखि, वा शुरूमा यो त्यस्तो थिएन।” प्रश्न!

87 आजको प्रश्न, संसारको शान्ति जस्तै, “के यो राजनीति, राष्ट्रहरुको एकता, एकताद्वारा आउदैछ?” म तपाईलाई भन्छु, होइन। यो सधै असफल भएको छ, र यो फेरी पनि हुनेछ। तर त्यहाँ प्रश्नको साँचो जवाफ बाकि छ, “के त्यहाँ पृथ्वीमा शान्ति हुनेछ?” हो, जब पृथ्वीबाट पाप हटाईन्छ, त्यहाँ शान्ति हुनेछ। तर त्यो समयसम्म, त्यहाँ कुनै शान्ति हुनेछैन; “राष्ट्रहरु राष्ट्रको विरुद्धमा आउनेछ, राज्य राज्यको विरुद्धमा आउनेछ।” परमेश्वरले पापको लागि एउटा उपाय दिनुभयो। अब ध्यान दिएर सुन्नुहोस्। परमेश्वरले पृथ्वीमा पाप छुटकारा दिने उपाय दिनुभयो, तर पृथ्वीका मानिसले परमेश्वरको उपायलाई स्वीकार गर्दैनन्।

88 परमेश्वरले हामीलाई हाम्रा पत्नीहरुलाई विवाह गर्न र तिनीहरुसँग बस्नको लागि एउटा उपाय र तरिका दिनुभयो, तर मानिसले परमेश्वरको उपचारलाई स्वीकार गर्दैन, यसमा उहाँको वचनलाई स्वीकार गर्दैन। येशूले यो भन्नुभएको छ। र यसले हामीलाई उहाँको वचनको—सम्झना दिलाउछ, यो जानेर कि उहाँले भन्नुभयो, “स्वर्ग र पृथ्वी बितेर जानेछ, तर मेरो बितेर जानेछैन।”

89 प्रश्न, साँचो उत्तर जुन येशूले हामीले पछाडि फर्केर गएको चाहनुहुन्छ, शुरूवातमा फर्केर गएको चाहनुहुन्छ। त्यसपछि, त्यो उत्पत्तिमा हुनेछ, किनकि *उत्पत्ति* शब्द बाइबलको हरेक प्रश्नको बीउको अध्याय हो। र खेतमा कुन खालको बीउ छ भनि हेर्नको लागि तपाई सधै बीउमा फर्केर जानुपर्छ, कुन अन्न हुनेछ भनि पत्ता लगाउन। अब, कुन खालको बीउ रोपेको छ? उत्पत्ति, बीउको अध्याय भएकोले, हामी फर्केर उत्पत्तिमा जानेछौ। येशूले हामीले त्यस धर्मशास्त्रमा परिचय गराउनुहुन्छ, “शुरूमा।” अब, याद गर्नुहोस्, त्यहि नै हो जब समयको शूरूवात हुन थाल्यो। त्यो

भन्दा अगाडि, यो अनन्तकाल थियो। अब, यहाँ भएको हाम्रो प्रश्न, ध्यान दिनुहोस्, यदि हामी शुरूवातमा फर्केर जान्छौ भने।

90 अब यसलाई नचुकाउनुहोस्! त्यहि नै कारणले म ढिलो बोल्न चाहन्छु, ताकी तारमा भएका मानिसहरु, र जुन टेपले यो स्पष्ट रुपले भन्नेछ।

91 यदि येशूले भन्नुभयो, "फर्केर शुरूमा जाओ," त्यहाँ कुनै पनि कुराको केवल एउटा मात्रै जोडि थियो। त्यहाँ एउटा आदम थियो, एउटा हव्वा, तिनीहरु मात्र परमेश्वरद्वारा जोडिएका थिए। एउटा पोथी घोडा, एउटा भाले; एउटा पोथी सुगा, एउटा भाले। "शुरूमा," जस्तो उहाले हामीलाई फर्केर जान भन्नुभएको थियो, त्यहाँ कुनै पनि कुराको एउटा मात्र जोडि थियो। के त्यो सत्य हो? त्यसपछि, हामीले पाउछौ कि सबैकुरा "शुरूमा" परमेश्वरसँग सिद्ध क्रममा र एक अनुरुपतामा चलिरहेको थियो, केहि पनि खानाबाट बाहिर थिएन।

92 स्वर्गमा सबैकुरा अझै पनि व्यवस्थित छ; सबै ताराहरु, आकाशगंगाहरु, सौर्यमण्डल, सबैकुरा पूर्ण रूपमा क्रमानुसार छ। ती मध्ये एक चल्यो, यसले सबै कार्यक्रम नै अवरोध गर्छ।

93 अब सुन्नुहोस्। के तपाई देख्नुहुन्छ? एउटा अवरोधले पुरै कार्यक्रम नै बिगारिदिन्छ। अब, जब मानव जाति परमेश्वरसँग निरन्तरतामा चलिरहेको थियो, एउटा पुरुषसँग एउटा महिला, यस महिलाले पाप गरिन् र यसले पृथ्वीको सबै कार्यक्रमनै परमेश्वरसँगको निरन्तरताबाट बाहिर फालिदियो। त्यसैकारणले, यस पुस्तकमा एउटा शब्द थप्दा, वा एउटा शब्द यसबाट निकाल्दा, इसाईलाई परमेश्वरसँग निरन्तरताबाट बाहिर फालिदिन्छ, एउटा मण्डलीलाई परमेश्वरसँगको निरन्तरताबाट बाहिर फालिदिन्छ, एउटा परिवारलाई परमेश्वरसँगको निरन्तरताबाट बाहिर फालिदिन्छ। हरेक विश्वासी बाहिर फालिन सक्छ, परमेश्वरको हरेक वचनलाई स्वीकार नगर्नाले।

94 तब, यो महिला थियो जसले प्रिय घरबाट अलग गर्ने अवस्था बनायो। यो एउटा करूब स्वर्गदूत थिएन जसले पृथ्वीलाई सताएको थियो। यो आदम थिएन जसले घरलाई बाहिर फालेको थियो। यो अरु केहि थिएन जसले घरलाई बाहिर फालिदियो, र पुरै कुरालाई निरन्तरताबाट बाहिर फालिदियो, तर एउटा महिला थियो, हव्वा। र यो यहाँ छ त्यो "शुरुवात," जसको बारेमा येशूले बोल्नुभयो, जुन तोडिएको थियो। येशूले भन्नुभयो,

"शूरुवातमा, परमेश्वरले हरेक प्रजातिको, एउटा पुरुष, एउटा महिला बनाउनुभयो।" र अब जब यो महिला...पोथी घोडा, पोथी कुकुर होइन; तर स्त्री, उनले पृथ्वीमा परमेश्वरको संचालनको सम्पूर्ण निरन्तरता तोडिन्, र सबै कुरा मृत्युमा फालिदिईन्। पुरुषले होइन, स्त्रीले, उनले करार तोडिन्। उनले करार तोडिन्, किनभने (किन?) उनले परमेश्वरको वचनको सिमाना पार गरिन्। अब, यदि उनले आफ्नो पतिसँगको आफ्नो करार तोडिन् भने, उनले परमेश्वरसँगको आफ्नो करार तोडिन्; तब, किनभने उनले परमेश्वरसँगको करार तोडिन्, उनले आफ्नो पतिसँग तोडिन्।

95 र जब तपाईले तपाईको प्रतिज्ञा र परमेश्वर प्रतिको तपाईको करार तोड्नुहुन्छ, त्यहि नै कारणले यति धेरै नाजायज मण्डलीका सदस्यहरु हुन्छन्, किनकि मानिसहरुको समूह भेला भए र भने, "ठिक छ, यसको अर्थ *त्यो* होइन," र यसले सम्पूर्ण संगठनलाई वचनको निरन्तरताबाट बाहिर फाल्छ। "हामी त्यो विश्वास गर्दैनौ। डाक्टर जोन्सले यो त्यस्तो होइन भनेका थिए।" तर जबसम्म परमेश्वरले यो हो भनि भन्नुभयो, उहाँले भन्नुभयो, "हरेक मानिसको वचन झुट होस्, र मेरो नै सत्य होस्!" त्यहाँ यसले निरन्तरतालाई तोड्छ।

96 अब हामी देख्छौ, त्यो निरन्तरता तोडिएको हुनाले, तब जीवन रेखा तोडियो. समय रेखा पनि तोडियो, करार तोडियो, सबैकुरा रोकियो! यो के कारणले हो? एउटा महिला। त्यसले नै करार तोडेको छ। अब, यदि तपाई त्यो पढ्न चाहनुहुन्छ भने, तपाईले यसलाई पढ्न सक्नुहुन्छ, उत्पत्ति ३।

97 अब, तब परमेश्वरको वचनद्वारा, पुरुषलाई स्त्री माथि शासन गर्नको निम्ति बनाईएको थियो। उनी कतिपनि ऊसँग सह–समान थिएनन्। उनी स्वभावमा सह–समान थिईन्, तपाईलाई थाहा छ; तर, जब उनले परमेश्वरको वचन तोडिन्, परमेश्वरले पुरुषलाई उनीमाथि अधिकार गर्ने बनाउनुभयो। उत्पत्ति ३:१६, यदि तपाईले यसलाई तल राख्न चाहनुहुन्छ भने। उनी पुरुषसँग बराबरी थिईनन्। उनी परमेश्वरको वचन तोड्ने थिईन्।

98 के तपाईले देख्नुहुन्न, "उनी," उनी, यहाँ तलको मण्डली? परमेश्वरको वचन अवज्ञा गर्ने, त्यसले उनलाई पूर्णरूपले निरन्तरताबाट बाहिर फालिदियो। र त्यहि नै मण्डलीले गरेको छ, र सबैकुरामा आत्मिक मृत्यु फालिदिएको छ। अब तपाईले बुझ्नुहुनेछ म किन यी कुराहरुमा हथौडा लगाउछु जस्तो मैले गर्छु। यो सत्य हो! यो बाईबलको तथ्यहरु हो।

99 ध्यान दिनुहोस्, उनले किन यस्तो गरिन्? कसरी त्यो प्यारो, सुन्दर, सिद्ध स्त्री...?

100 मैले एक पटक एउटा तस्बिर देखे, मलाई लाग्छ यो ग्रीसमा थियो, एउटा कलाकारको थियो जसले हव्वाको तस्बिर कोरेको थियो। उनी तपाईले देखेको सबैभन्दा डरलाग्दो देखिने कुरा थिईन्। त्यसले देखाउछ कि एउटा भौतिक दिमागले के हेर्न सक्छ। तर, उनी थिईनन्; उनी सुन्दर थिईन्, किनकि उनी सिद्ध महिला थिईन्, सबै महिला।

101 ध्यान दिनुहोस्, किन उनले यस्तो काम गरिन्, त्यो उच्च पदमा हुँदाहुदै? उनी मानिससँग बराबरी थिईन्, ऊसँग सह–समान थिईन्। तर हामी सबैलाई अहिले थाहा छ कि उनले मानिससँगको सह–समानता गुमाईन्, जब उनले पाप गरिन्, र परमेश्वरले भन्नुभयो, “अबबाट पुरुष तिम्रो शासक हुनेछ।” अब, त्यो धर्मशास्त्र हो। यदि तपाई चाहनुहुन्छ भने, हामीले यसलाई पढ्न सक्छौ।

102 म तपाईलाई धर्मशास्त्र दिदैछु, त्यसैले देश भरी यो ठूलो हुकअपको लागि समय बचाउनुहोस्, ताकी तपाई आफैले यसलाई पढ्न सक्नुहुन्छ।

103 उनले त्यसो गर्नुको कारणलाई ध्यान दिनुहोस्। कसरी शैतान उनीसम्म आईपुग्यो?

104 के तपाईलाई थाहा छ शैतान एकदिन परमेश्वरसँग बराबरी थियो? निश्चय नै, सबै सृष्टिकर्ता बाहेक; ऊ सबैथोक थियो, परमेश्वरको दाहिने हाततर्फ उभिन्थ्यो, स्वर्गहरुमा, करूब स्वर्गदूतहरुलाई महान अगुवाई गर्थ्यो।

105 उनले यो गर्नुको कारणलाई ध्यान दिनुहोस्, उनी मूल सृष्टिमा थिईनन्। उनी परमेश्वरको सक्कल सृष्टिमा थिईनन्; उनी उपोत्पादन थिईन्। त्यसैकारणले, “शुरूमा,” जस्तो येशूले यसलाई उल्लेख गर्नुभयो, उनी परमेश्वरको मौलिक सृष्टिशील प्राणी थिईनन्। उनी एउटा पुरुषको उप–उत्पादन हुन्, जब येशूले “शुरू” लाई उल्लेख गर्नुभयो।

106 याद गर्नुहोस्, आदम दुवै पुरुष र स्त्री थियो, मूल सृष्टिमा, एउटा, तर त्यसपछि उनलाई करङबाट छुट्टाईएको थियो।

107 ध्यान दिनुहोस्, तर एउटा उप–उत्पादन, र, ध्यान दिनुहोस्, परमेश्वरको सबै सृष्टिहरु मध्ये एक मात्र, हरेक पशु र अन्य केहि, यो तरिकामा डिजाइन गरिएको उनी मात्रै थिईन्। अरु सबै महिलाहरु मौलिक

सृष्टिमा थिए। हरेक अन्य पोथी सक्कल सृष्टिमा थियो, तर हव्वा सक्कल सृष्टिमा थिईनन्। हेर्नुहोस्, त्यो त्यस तरिकामा बनाईनुपर्थ्यो। हामी केहि समय पछि यसमा पुग्नेछौ। ध्यान दिनुहोस्, यो सृष्टिमा जुन उनी थिईन्, मूलमा होइन, तर एउटा उप–उत्पादन थियो। र यस सृष्टिमा, त्यहाँ...

108 अब म तपाईहरुको भावनालाई चोट पुर्याउन चाहन्न, तर म तपाईलाई सत्यता बताउन चाहन्छु। र तपाई स्थिर भई बस्नुहोस्; तपाई राम्रो गर्दै हुनुहुन्छ।

109 त्यहाँ कुनै पनि कुरा यति छली हुनको लागि बनाईएको छैन, जतिको एउटा महिला छली छ। त्यहाँ अरु केहि पनि हुन सक्दैन; त्यहाँ कुनै पनि कुरा त्यो तरिकामा हुनको निम्ति बनाईएको छैन।

110 साथै, त्यहाँ कुनै पनि कुरा छैन जो महिला जत्तिको चाडो धोखामा पर्छन्। अब, पतनले यो अभिव्यक्तिलाई सत्य हो भनि प्रमाणित गर्छ, शूरूवातीको पतनमा।

111 उनी सक्कल सृष्टिको शुरूवातमा थिईनन्। उनी आदममा थिईन्, तर स्त्री लिंगमा होइन, आफै, शुरूवातमा। उनी एउटा उप–उत्पादन थिईन्।

219 पहिलो आदम र हव्वाले दोस्रो आदम र हव्वालाई चित्रण गरे, हेर्नुहोस्, गुणन। अब आदम र हव्वाको गुणन यौनद्वारा भयो, पृथ्वीमा भरिनको लागि, तर शुरूमा यस्तो थिएन। परमेश्वरले केवल एउटा नर र एउटा नारी

बनाउनुभयो, जस्तो उहाँले उहाँको अन्य सृष्टिहरुलाई गर्नुभयो, बुझ्नुभयो, कानुनी, मण्डली जस्तै।

220 अब आउनुहोस्, यी प्रमाणित परमेश्वरको सत्यहरुलाई ध्यानमा राखेर, थोरै अगाडि खोज्नुहोस्, यदि तपाई चाहनुहुन्छ भने। [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] ठिक छ। अब यसले थोरै चित्त दुखाउन सक्छ जबसम्म हामी यसको फेदमा पुग्दैनौ, तर म केवल तपाईलाई यसको सत्यता देखाउन जाँदैछु।

221 त्यहाँ कुनै सेवक छैन जसले विधवालाई विवाह गर्न सक्छ। के तपाईलाई त्यो थाहा छ? के तपाई त्यो पढ्न चाहनुहुन्छ? ठिक छ, तपाईले लेवी पाउनुहुन्छ, लेवी २१:७ र इजकिएल ४४:२२, र यसले तपाईलाई देखाउछ कि पूजाहारीले त्यो महिलालाई विवाह गर्नु हुदैन जसलाई पुरुषले छोएको छ। यसले येशू ख्रीष्टको कन्या दुलहीलाई चित्रण गर्छ, किनभने तिनीहरुले परमेश्वरको आगोलाई सम्हाल्थे, पूजाहारीले गर्थे, हारुनको छोराहरुले। हामीसँग यो सबै पढ्ने समय छैन, र दिउसोसम्म बाहिर निस्कन स्दिनौ, हामीसँग अझै पनि बिस मिनेट बाकि छ। र तिनीहरु हारूनका छोराहरु हुन् जसले परमेश्वरको—आगो—सम्हाल्थे, त्यसैले तिनीहरुले त्यस स्त्रीलाई विवाह गर्न सक्दैन थिए जसलाई अन्य पुरुषले छोएको थियो। नाबद्लिने परमेश्वरले त्यसो भन्नुभयो, तिनीहरुले अर्को महिलालाई विवाह गर्न सक्दैन थिए, अनि त्यो एउटा महिला जसलाई एउटा पुरुषले छोएको छ, यसले एउटा चित्रण देखाउदै, यदि तपाई यो हेर्न चाहनुहुन्छ भने, कि जीवित परमेश्वरको मण्डली शुद्ध रूपमा छ, चोखो, परमेश्वरको वचन, र मानिसले सम्हालेको नामधारी संगठित मण्डली होइन।

222 ध्यान दिनुहोस्, यसलाई यहाँ पढौ। म तपाईमा यो ल्याउन चाहन्छु। मत्ती ५, येशूले यहाँ केहि कुराको बारेमा बोल्नुभयो जुन वास्तवमै अत्यन्त महत्वपूर्ण छ। हामी यो हेर्न चाहन्छौ, मत्ती ५। मैले मेरोमा लेखेको छु...

223 मैले केहि कुराहरु चिन्ह लगाएको थिए जुन मैले मानिसलाई भन्न जाँदै थिएँ, त्यसैले हाम्रा दिदिबहिनीहरुको अगाडि यो भनिरहेको थोरै समय थियो। तर म पहिले—अहिले यहाँ बाहिर जान चाहन्छु...

224 अब, दिदिबहिनी, म तपाईलाई त्यो ठाउँमा राख्न चाहन्छु जहाँ परमेश्वरको वचनले तपाईलाई प्रतिज्ञा गर्नुभएको छ, र तपाईले देख्नु हुन्छ तब तपाई त्यो ठाउँमा पनि, बस्नुहुन्छ।

225 मत्ती ५:३२। "एक" र "धेरै" को यहि विचारलाई समर्थन गर्न, तपाईले यहाँ ध्यान दिनुभएको म चाहन्छु। मत्ती, तिस–...मलाई लाग्छ यो मत्ती ५:३२, ३१ शुरू गर्नको लागि हो।

> *यसो* पनि *भनिएको छ, कि जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले तिनलाई त्यागपत्र लेखिदेओस्:*

226 त्यो येशूले बोल्दै हुनुहुन्थ्यो, उहाँ जसले भन्नुभयो, "शुरू देखि।" अब हेर्नुहोस्।

> *र म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई...* व्यभिचारको*कारणबाहेक अरू कारणले त्याग गर्ला, त्यसले तिनलाई व्यभिचारिणी* तुल्याउँछ; ...(हेर्नुहोस्) *जसले आफ्नी पत्नीलाई...व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला,* उनलाई *व्यभिचार गर्न लगाउछ:* (किन? उनले फेरी विवाह गर्नेछिन्।) *र जसले त्याग गरिएकी स्त्रीसँग* विवाह *गर्ला, त्यसले व्यभिचार* गर्नेछ।

227 हेर्नुहोस्, उनको एउटा जीवित श्रीमान छ, त्यसैले कुनै पनि पुरुषले उनलाई विवाह गर्न सक्दैन। उनले के गर्छिन् र उनी को हुन् भन्ने कुरामा ध्यान दिनुहोस्, उनको एउटा जीवित श्रीमान छ, त्यहाँ उनको लागि कुनै आधार नै छैन। तर, यो उनको, लागि होइन। "उनलाई हो," तर पुरुषलाई होइन। बुझ्नुभयो? तपाईले वचनलाई निरन्तरतामा चल्ने बनाउनुपर्छ। बुझ्नुभयो, पुरुषले सक्दैन भनि केहि पनि भनेको छैन, तर उनले सक्दिनन्। हेर्नुहोस्, "उनीलाई," पुरुषलाई होइन। ठिक त्यहि नै हो जुन बाइबलले भन्छ, "उनको कारणले।" यो पुरुषको विरुद्धमा फेरी विवाह गर्नको लागि भनिएको छैन, तर "उनी।" किन? ख्रीष्ट त्यस प्रकारमा हुनुहुन्छ।

228 ध्यान दिनुहोस्, यो भनिएको छ कि पुरुषले पुन: विवाह गर्न सक्दैन, केवल कन्यासँग मिल्छ। उसले फेरी विवाह गर्न सक्छ। उसले सक्छ–... यदि कन्या छ भने उसले फेरी विवाह गर्न सक्छ, तर उसले कसैको श्रीमतीसँग विवाह गर्न सक्दैन। वास्तवमै हुदैन। र यदि उसले सम्बन्ध विच्छेद भएकी स्त्रीसँग विवाह गर्छ भने, ऊ व्यभिचारमा जिईरहेको छ, ऊ को हो मलाई वास्ता छैन। बाइबलले भनेको छ, "जसले बहिष्कृत भएकीसँग विवाह गर्छ, त्यो व्यभिचारमा जिउछ।" त्यहाँ तपाई हुनुहुन्छ, कुनै सम्बन्ध विच्छेद भएकोसँग हुदैन।

229 त्यहाँ पछाडि “शुरू देखि,” अहिले त्यो सक्कललाई देख्नुहुन्छ? पुनर्विवाह गर्दै, अब ध्यान दिनुहोस्, उसले सक्छ, तर उनले सक्दैन। दाऊद जस्तै, सोलोमन जस्तै, पुरा बाइबलको निरन्तरता जस्तै, अब, दाऊद र बाकि रहेकाहरु जस्तै।

230 अब तपाईले पहिलो कोरिन्थी ७:१० मा ध्यान दिनुहोस्, ध्यान दिनुहोस्, पावलले पत्नीलाई आज्ञा दिन्छन्, जसले आफ्नो पतिलाई सम्बन्ध विच्छेद गर्छ, अविवाहित रहन वा पुनःमिलापमा बस्नको लागि, फेरी विवाह गर्न होइन। उनी अविवाहित नै रहनुपर्दछ, वा उनको श्रीमानसँग पुनःमिलापमा आउनुपर्दछ। उनले पुनःविवाह गर्न सक्दिनन्। उनी अविवाहित नै रहनुपर्छ, तर, ध्यान दिनुहोस्, तिनले कहिल्यै पनि पुरुषको बारेमा भनेनन्। बुझ्नुभयो, तपाईले वचनलाई झुटो बनाउन सक्नुहुन्न। “शुरू देखि,” बहुविवाहद्वारा लिङ्गको व्यवस्था। अब, परमेश्वरको वचन परमेश्वरको प्रकृतिसंग सत्य रुपमा चल्दछ, निरन्तरतामा चल्दछ।

231 हेर्नुहोस् कसरी त्यहाँ एउटा विद्यालय पूर्वमा, र अर्को पश्चिम गईरहेको छ, त्यसमा? तपाई सत्यमा फर्केर आउनुपर्दछ, यो के हो भनि पत्ता लगाउनको लागि।

232 यो सधै त्यहि तरिकामा भएको छ, त्यो परमेश्वरसँग शुरू देखि नै नियमित करार हो। *पहिलो,* शुरूभन्दा अगाडि, शुरू देखि नै त्यहाँ केवल एउटा र एउटा थियो। पाप भित्र आए *पछि*, तब त्यहाँ एउटा पुरुष र महिलाहरुको झुण्ड थियो; प्रकृतिमा त्यो तरिकामा चल्छ, हरेक पशु, र मानव जाति र प्राकृतिक मासु पशु हो। हामी स्तनधारी हौ, हामीलाई त्यो थाहा छ, हामी सबैलाई, हेर्नुहोस्, र यो सबै निरन्तरतामा परमेश्वरको स्वभाव हो।

233 तर अब त्यो मोहोरहरु खोलिएको छ, सत्यको आत्माले हामीलाई वचनमा डोर्याउदछ। त्यसले बताउछ कि किन सबै गल्तीहरु युगौ देखि तल आएको छ, किनभने मोहोरहरु खोलिएको थिएन, यो खुलासा गरिएको थिएन। यो सत्य हो।

234 ध्यान दिनुहोस्, तपाई, तपाईले छायालाई असफल बनाउन सक्नुहुन्न। जसरी मैले गत राति तपाईलाई भुइँको छायाको बारेमा प्रचार गरेको थिए, यो ठिक भएर बाहिर आउनुपर्दछ। कसरी त्यहाँ भुइँमा हात्तीको छाया आउन सक्छ, र एउटा सानो, काँचो मानिस बाहिर हात्ती हुन आउछ, वा हात्ती

एउटा सानो, काँचो मानिस बन्न आउछ?

235 अब यदि तपाईले यसलाई उत्तम प्रकारमा ध्यान दिनुहुनेछ भने।

236 अब, त्यहाँ एउटा सच्चा स्त्री छ, एउटा सच्चा स्त्री, कन्या, जसले आफ्नो श्रीमानलाई विवाह गर्छ, र जिउछ, र उनी पुरुषको लागि आशिषित कुरा हुन्। यदि परमेश्वरले आफ्नो छोरालाई श्रीमती भन्दा राम्रो केहि दिनसक्नुहुन्थ्यो भने, उहाँले त्यो उसलाई दिनुहुने थियो।

237 तर उनी यौन क्रियाकलापको रूपमा डिजाइन गरिएको हो, र अरु कुनै पशु त्यसरी डिजाईन गरिएको छैन। पृथ्वीमा कुनै पनि अन्य प्राणी त्यसरी बनाईएको छैन। त्यहि नै कारणले तपाईले बहुविवाह देख्नुहुन्छ, त्यस कारणले। त्यसले नै ल्याएको हो।

238 अब हेर्नुहोस्, अन्तिम विश्लेषणमा, हेर्नुहोस्, त्यहाँ एउटा येशू ख्रीष्ट हुनुहुन्छ (के त्यो सहि हो?), एउटा मानिस, परमेश्वर, इम्मानुएल। के तपाई त्यो विश्वास गर्नुहुन्छ? तर उहाँको पत्नीको सदस्यहरु धेरै छन्, हेर्नुहोस्, हजारौ गुणा हजारौ हजारौ (के त्यो सहि हो?), उहाँको पत्नी, दुलही, मण्डली। तपाईले अहिले बुझ्नुभयो?

239 त्यसैकारणले उहाँले आदमलाई भन्नुभयो, यौन उत्प्रेरित गर्नुभन्दा अगाडि वा परिचय दिनुभन्दा पहिले, “फल्दै जाउ, पृथ्वीलाई भर्नको निम्ति,” जब उनी अझै शुरूमा थिए, जब उनी अझै पनि आफैमा नर र नारी दुवै थिए। त्यहाँ, दुलही वचनबाट आउनुपर्छ भनि देखाउछ, आत्मिक गुणाद्वारा, गुणा, हेर्नुहोस्, पृथ्वीलाई भरेर।

240 अब यौन अधिनियममा, हेर्नुहोस्, विद्यालयहरुले ती दुई कुराहरुलाई मिसाएर राखेका छन्। त्यसैले तपाईले यो गर्न सक्नुहुन्न, तपाईले यसलाई यसको सत्यतामा “शुरूमा,” फर्काएर ल्याउनुपर्छ।

241 र अन्त्यमा त्यहाँ एक प्रभु येशू, र उहाँको दुलही धेरै, एकल हुनुहुनेछ। तपाईले यो पाउनुभयो? त्यहाँ एउटा दाऊद एउटा सिंहासनमा थियो, एउटा राजा (परमेश्वरको आफ्नै हृदयको मानिस) पाँच सय पत्नीहरु सहित। येशू हजार वर्षको शासनमा आफ्नो सिंहासनमा बसिरहनुभएको छ (हल्लेलुयाह!), एउटा पत्नीसँग; जस्तो यो शुरूमा थियो, पृथ्वीबाट सृष्टि गरियो, सर्वशक्तिमान परमेश्वरको हातद्वारा, पुनरुत्थानमा, धेरै सदस्यहरु हुनेछन्। त्यहाँ तपाई हुनुहुन्छ।

242 महिलाहरु, त्यो बन्नको लागि संघर्ष गर्नुहोस्, ख्रीष्टमा आउनुहोस्, तब तपाई त्यो फोहोर झमेलामा हुनुहुनेछैन। तर जबसम्म तपाई काल एउटा मण्डलीको सदस्य हुनुहुन्छ जो नैतिक र असल जीवन, आफैमा जिउने प्रयास गर्नुहुन्छ, तपाई सफल हुन सक्नुहुनेछैन। न त कुनै पुरुषले ख्रीष्टभन्दा बाहिर सफल हुन सक्छन्। जसरी पावलले यसो भनेका थिए, "तर त्यहाँ, ख्रीष्टमा, त्यहाँ न त पुरुष छ न महिला छन्।" तिनीहरु सबै एक छन्।

243 तर यो *विवाह र सम्बन्ध विच्छेदलाई* सिधा बनाउनको लागि, ताकी तपाईले जान्नुहुनेछ कि कुन सहि थियो र गलत थियो, अब उहाँले यहाँ स्पष्ट रूपमा यी चित्रणहरु देखाउछन्। त्यहाँ एक ख्रीष्ट हुनुहुन्छ, र त्यो पत्नीको धेरै सदस्यहरु हुनुहुन्छ। ध्यान दिनुहोस्, उहाँले हामीलाई चाहनुभएको कुनै पनि समयमा, आत्मिक व्यभिचार र झुटा सिद्धान्तको कारणले टाढा राख्न सक्नुहुन्छ; तर कसरी तपाईले उहाँलाई टाढा राख्ने, र यसलाई बनाउन खोज्ने आँट गर्नुहुन्छ? पुरुषले आफ्नी पत्नीलाई छोडेर अर्को विवाह गर्न सक्छ; तर स्त्रीले आफ्नो पतिलाई छोडेर अर्कोलाई विवाह गर्न सक्दिनन्। त्यहाँ सबै छाया र प्रकारहरु पूर्ण रूपमा सन्तुलित देख्नुहुन्छ? सक्कल सृष्टि हेर्नुहोस्; कतै पनि उप–उत्पादन छैन। मण्डली होइन; दुलही वचनद्वारा। स्त्री होइन; पुरुष, हरेक पटक। त्यसैकारणले यो गर्ने पुरुषको विरुद्धमा यसले कहिल्यै पनि केहि भन्दैन; यो सधै महिला हो। त्यहि नै हो।

244 तर उनी ख्रीष्टको दुलही बन्न सक्छिन्, यो बनेर...र याद गर्नुहोस्, उनी एउटा पुरुषको हिस्सा भएको हुनाले, बाईबलले भन्छ कि उनले सक्छिन्... "तैपनि म कुनै स्त्रीलाई सिकाउन, वा कुनै अधिकार गर्न दिन्न, तर चुप लागेर बस्नको निम्ति भन्छु। किनकि आदम पहिले बनिएको थियो, र त्यसपछि हव्वा। र आदम धोकामा परेनन्, तर उप–उत्पादन धोकामा पर्यो। तरै पनि, *यदि* तिनी सुशीलतासाथ विश्वास, प्रेम र पवित्रतामा रहिन् भने, बालक जन्ममा तिनी बचाइनेछिन्," किनभने त्यसपछि उनी यो मानिसको हिस्सा बन्छिन्। त्यसैले नै ल्याउछ...

245 किन अब्राहामले...परमेश्वरले ठिक परमेश्वरको अगाडि इन्कार गर्दै, र झुट बोलिरहेर बसिरहेकी सारालाई किन मार्नुभएन? त्यहाँ एउटा मरणशील मानिसको रूपमा बसेर, मासु खाँदै, रोटि खाँदै, दूध पिउदै, र उहाँले भन्नुभयो, "किन सारा त्यहाँ पछाडिपट्टि हासिन्," उहाँको पछाडि, पालमा,

उहाँले उनलाई कहिल्यै देख्नुभएको थिएन, "यो भन्दै गर्दा, 'कसरी यी कुराहरु हुनसक्छन्?'"

246 उनले भनिन्, "मैले यो कहिल्यै भनिन!" ओ, ओ, मेरो! परमेश्वरलाई उहाँ झुटो हुनुहुन्छ भनि भनिन्, उहाँकै सामुने? तर उहाँले उनलाई त्यसो गर्न सक्नुहुन्न थियो। किन? उनी अब्राहमको एक हिस्स थिईन्। आमेन। उहाँले अब्राहमलाई चोट नपुर्याईकन उनलाई चोट पुर्याउन सक्नुहुन्न थियो।

247 अब तपाई महिलाहरु हेर्नुहोस् तपाई कहाँको हुनुहुन्छ। र बाईबलले भन्यो, "तपाई महिलाहरु सारा जस्तै हुनुहोस्, जसले आफैलाई नैतिक आवरणमा सजाए, आफ्नो पति प्रति इमानदार र सच्चा भई जिईन्, उनलाई यति माया गरिन् कि उनले...उनले तिनलाई आफ्नो 'प्रभु,'" शासक, स्वामि भने।

248 र तपाई, केहि महिलाहरु, यी फोहोर लुगा लगाउनुहुन्छ र यहाँ बाहिर आफैलाई पुरुषको हातमा फाल्नलाई बाहिर यहाँ आउनुहुन्छ। येशूले भन्नुभयो, "जसले कुनै स्त्रीलाई कामवासनाले हेर्छ, त्यसले आफ्नो हृदयमा पहिले नै स्त्रीसँग व्यभिचार गरिसकेको छ।" त्यसोभए को दोषी छ, पुरुष वा तपाई? उहाँ एउटा पुरुष हुनुहुन्छ, उनले यो क्रियाकलाप लिन सकोस् भनेर बनिएको हो, हेर्नुहोस्; र तपाई नारी हुनुहुन्छ, त्यसले इन्कार गर्नुपर्दछ।

249 र किन तपाई आफैलाई त्यसरी बाहिर राख्नुहुन्छ? यो आरामको लागि होइन, यो हुनसक्दैन भन्ने कुरा तपाईलाई थाहा छ, जबकि तपाई ती कट्टुमा मर्ने गरि चिसोले आधा जमेको हुनुहुन्छ। हेर्नुहोस्, आरामको लागि हुन सक्दैन। त्यसोभए यो के हो? यो फोहोरको लागि हो! तपाईले यो स्वीकार गर्नुहुन्न, तर यो बाइबलले त्यसो भन्छ। यो सत्य हो। यो तपाईमा भएको घृणित आत्मा हो। तपाई घृणित हुन चाहनुहुन्न; तर तपाईलाई थाहा छैन, आत्मिक रूपमा तपाई घृणित हुनुहुन्छ, किनभने तपाईले आफैलाई घृणित रूपमा प्रस्तुत गर्दै हुनुहुन्छ।

250 अब, एउटा मानिस, उसको पुरानो, फोहोर, घुँडा टेकेको, र यदि उसले विरलै मात्रै कपडा लगाएको छ, त्यसले केहि फरक पार्दैन, उसको शरीरले लोभ्याउदैन। किन? उ सक्कल सृष्टि, चरित्रमा थियो; हुनुपर्छ, हेर्नुहोस्। तर, तपाई उप–उत्पादन हुनुहुन्छ, परिक्षाको लागि।

251 परमेश्वर, दया गर्नुहोस्! ओ, मेरो, यो पापी संसार! म खुसी हुनेछु जब यो सकिन्छ।

252 ध्यान दिनुहोस्, उसले आफ्नी पत्नीलाई आफूले चाहेको समयमा त्याग्न सक्छ, तर उनले उसलाई त्याग्न सक्दिनन्; उहाँले मलाई बनाउन सक्नुहुन्छ, उहाँले मलाई आफ्नो धारणा लिए अनुसारले जुनै पनि बेलामा धुलोमा फाल्न सक्नुहुन्छ, तर, ओ, भाई, मैले उहाँलाई फाल्न नाखोजेकै बेस हुन्छ, म सिद्धिन्छु।

253 सोलोमनले विवाह नगरेको कुनै पनि स्त्रीसँग विवाह गर्न सक्थे, उनले चाहेको कुनै पनि स्त्रीसँग उनले विवाह गर्न सक्थे। एउटा पूजाहारीले कन्यालाई मात्रै विवाह गर्न सक्थे। सोलोमन...

254 दाऊदले जस्तै, उनले (उनको नाम के थियो?) अबीगेललाई विवाह गरे। जुन, त्यहाँ एउटा मानिस थियो जसलाई “मूर्ख” भनिन्थ्यो, उसको एउटा राम्री श्रीमती थियो, र उसको मृत्यु भयो। र अबीगेलको दाऊदसँग विवाह भएको थियो; उनी एउटा राजा थिए, पूजाहारी होइनन्, हेर्नुहोस्, त्यसैले उनी—उनले विवाह गरे।

255 तर एउटा पुजारीले त्यसो गर्न सक्दैन, किनभने उसले छोएको वा एउटा स्त्रीलाई उसको पत्नी बनाउन लागेको थियो जो पहिले नै कुनै पुरुषको श्रीमती भईसकेको थियो। त्यसैले त्यसले प्रभु येशू ख्रीष्टको मण्डलीको कुमारीत्व देखाउछ, दुलही पवित्र हुनुपर्नेछ, वचन, कहिँ कतै एउटा पनि वचन हराएको हुनुहुन्न। निश्चय नै। के तपाईले सहि दुलहीको कल्पना गर्न सक्नुहुन्छ, एउटा स्तन काटेको, र अर्को, केहि अर्को गलत, तपाईलाई थाहा छ? त्यो ख्रीष्टको दुलही हुनेछैन। उनी सिद्ध छिन्। उनी सबैकुरा वचन हुन्, एउटा पनि वचन कहिँ असफल नभएको। होइन।

256 ध्यान दिनुहोस्, उसले उनलाई टाढा राख्न सक्दछ, तर उनले उसलाई टाढा राख्न सक्दिनन्। उहाँले यो गर्नुभयो, यो प्रमाणित गर्नुभएको छ, ती दिनहरुमा जब लूथर, वेस्ली, र पेन्टिकोष्ट, जब तिनीहरुले उहाँको अर्को हिस्सा बन्न इन्कार गरे वचनको अर्को हिस्साले गर्भवती हुनको लागि आत्मिक यौन राख्न नकारेर। तपाई बुझ्नुहुन्छ? उनले इन्कार गरिन्। लूथरले उनीसँग ख्रीष्टले थप आफ्नो चाहना राख्न दिनबाट इन्कार गरे; लूथरले इन्कार गरे। र मलाई यो भन्न दिनुहोस्, जसरी पनि मलाई केहि भनेर बोलाउने नै वाला छन्; त्यस्तै नै आज्ञा तिनीहरु सबैजनासँग भएको छ, तिनीहरुले त्यो वचन लिन असफल भए, तिनीहरुले ख्रीष्टलाई इन्कार गर्छन्!

257 र कुनै पनि महिला जसले पतिलाई बच्चा दिन इन्कार गर्छे, उनीसँग उसको पत्नी बन्ने कुनै अधिकार नै छैन। आमेन। तपाईले बाईबलमा, याद छ, जब राजाले एस्थरलाई विवाह गरे? किनभने रानीले इन्कार गरिन्, उसले आफ्नो लागि अर्को ल्याए। र जब...के भयो जब उनले राजासँग बाहिर आउन र आज्ञा पालन गर्न इन्कार गरिन्? त्यहि कुरा यो एउटा स्त्रीमा हुन्छ जसले आफ्नो श्रीमानको श्रीमती हुन इन्कार गर्छिन्।

258 र त्यसरी नै मण्डलीमा पनि छ जसले अहिले हामी जिईरहेको युगमा गर्भवती हुन इन्कार गर्छ, यस युगका छोराछोरीहरु जन्माउनको निम्ति। हामीहरु लूथरन होइनौ, हामीहरु वेस्लीहरु होइनौ, न त हामी पेन्टिकोष्टलहरु नै हौँ! हामी यस युगको सन्तान हुनुपर्दछ, परमेश्वरको वचनको गर्भावस्थाद्वारा, यस युगको एउटा बच्चा जन्माउनको निम्ति, बीउको बच्चा। आमेन। तपाईले बुझ्नुभयो भनि म आशा गर्छु। गर्भवती हुन सक्दैन, होइन, त्यसैले उहाँले के गर्नुभयो? उनलाई टाढा राख्नुभयो, सम्बन्ध विच्छेदमा। त्यो सहि हो। तर उनले उहाँलाई टाढा राख्ने आँट गरिनन्। उहाँले उनलाई टाढा राख्नुभयो।

259 उहाँ ठिक आफ्नो शरीरलाई आफ्नो वचन प्रकट गर्दै जानुभयो, र उहाँलाई, उस्तै गरी, आफैद्वारा प्रमाणित गर्दै जानुभयो। उहाँका छोराछोरीहरु एक किसिमले अझै उहाँ जस्तै देख्न थाले, किनकि यो पूर्ण रूपले परिपक्क हुदैछ, वा, तिनीहरु वचनका सन्तान भएका छन्, मण्डलीका सन्तान होइनन्। वचनको सन्तान! र दुलही एउटा प्रिय सानी वचनकि स्त्री हुनेछिन्, पवित्र, कुनै मानिसको संगठनले, कुनै मानव–निर्मित सिद्धान्तले नछोएको। उनी विशुद्ध रूपमा चोखो हुनेछिन्, वचनको दुलही! आमेन र आमेन! मलाई आशा छ तपाईले यो पाउनुभयो, बाहिर हावामा। उनी गर्भवती भएको परमेश्वरको छोरी हुनेछिन्।

260 हेर्नुहोस् एउटा महिला ठूलो सम्मानको कतिसम्म हुन सक्छ? हेर्नुहोस् मण्डली कस्तो महान कुरा हुनसक्छ, तर तपाईले देख्नुहुन्छ कि फोहोरले उनलाई कहाँ पुर्याएको छ? त्यसपछि त्यो मण्डलीलाई यहाँको मण्डलीसँग तुलना गर्न खोज्नु, तपाईले यो गर्न सक्नुहुन्न। र सडकको वेश्यालाई जीवित परमेश्वरको मण्डलीसँग तुलना गर्ने कोशिश गर्नुहुन्छ; वा महिला, सच्चा महिलालाई, वेश्यासँग तुलना गर्नुहुन्छ?

261 किन त्यहाँ त्यस्ता कुराहरु छन्? यो परमेश्वरको नियम हो,

विरोधाभासको नियम हो। यदि त्यहाँ रात हुने थिएन भने दिनको उज्यालोको आनन्द कसरी लिने भनेर कसरी थाहा पाउनेछौ? यदि त्यहाँ झरी थिएन भने सुक्खा मौसमको आनन्द कसरी लिने भनेर कसरी थाहा पाउनेछौ? कसरी हामीले एउटा सच्चा महिलाको आनन्द र आदर गर्ने थाहा पाउने थियौ, यदि त्यहाँ फोहोरी छैन भने?

262 ठिक यसलाई प्रकट गर्न गयौ, उहाँको वचन प्रकट गर्दै, तर हामी मध्ये कोहिले उहाँलाई त्यागेर अर्कोलाई विवाह गर्ने आँट नगरौ।

263 अब किन यो दुवै सिद्धान्तहरु गलत छन् भन्ने कुरा निश्चय नै स्पष्ट छ। तपाईले यसलाई *यो* तरिकामा चलाउन सक्नुहुन्न, यो गएको छ; तपाईले यसलाई *त्यो* चलाउन बनाउनुहुन्छ, यो प्रतिज्ञाको पछाडि दौडिन्छ। *यहाँ* प्रतिज्ञा छ, यहाँनिर छ कुरा ठिक यहाँ। वचन विरोधाभासपूर्ण छैन। यो अब निरन्तरतामा रहनुपर्छ, मत्ती २८:१९ ले प्रेरित २:३८ लाई बाझेको छैन।

264 अब, तपाईहरु मध्ये केहि महिलाहरु, तपाईहरु मध्ये केहि पुरुषहरु, मलाई—मलाई थाहा छ कि तपाई—तपाई यस कुरामा असहमत हुनुहुन्छ। किनभने, तपाईलाई थाहा छ, तपाईले त्यो अहिले लुकाउन सक्नुहुन्न। तपाईले सक्नुहुन्न।

265 तर मलाई तपाईलाई केहि देखाउन दिनुहोस्। यदि मत्ती २८:१९ ले भन्छ, "त्यसैकारणले जाओ, गएर सबै जातिहरुलाई सिकाओ, तिनीहरुलाई पिता, र पुत्र, र पवित्र आत्माको नाउमा बप्तिष्मा देओ," र तिनीहरु चारैतिर फर्के, र हरेक व्यक्ति जो बप्तिष्मा भए तिनीहरु त्यसको विपरितमा भए, येशू ख्रीष्टको नाउँमा बप्तिष्मा लिए, सबै बाइबल युगको लागि र बाइबलको युग पछि तिन सय वर्षसम्म, नाईसिया काउन्सिलमा। त्यसपछि तिनीहरुले यसको सट्टामा सिद्धान्तहरु अपनाए। के फरक छ, यदि यो प्रकट गरिएको छैन भने?

266 र के तपाईलाई थाहा छ पूरा पुस्तक, पूरा बाइबल, एउटा प्रकाश हो? त्यसरी नै तपाईले यो एउटा र अर्कोको बीचमा सत्यता जान्नुपर्दछ, यो किनभने यो एउटा प्रकाश हो। र प्रकाश ठ्याक्कै वचनसँग हुनुपर्छ, वचनको विपरित होइन। तपाई भन्नुहुन्छ, "ठिक छ, म, यो मलाई प्रकट गरिएको थियो।" यदि यो परमेश्वरको वचन विपरित छ भने, यो कहिल्यै परमेश्वरबाट आएको होइन। त्यो सहि हो।

267 अब यदि तपाईले मत्ती–...मत्ती १६:१८ लिन चाहनुहुन्छ भने। येशूले

भन्नुभयो, आफै, कि सम्पूर्ण मण्डली, उहाँको मण्डली, उहाँ आफैको आत्मिक प्रकाशमा निर्माण हुनेछ, जुन वचन हो। "म तिमीलाई भन्छु, कि तिमी पत्रुस हौ...र मासु र रगतले तिमीलाई यो कहिल्यै प्रकट गरेको छैन, तर स्वर्गमा हुनुहुने मेरो पिताले तिमीहरुलाई यो प्रकट गर्नुभएको छ। र यो चट्टान माथि..."

268 अब, मलाई थाहा छ, हाम्रा क्याथोलिक मित्रहरु त्यहाँ, तपाई भन्नुहुन्छ, "यो पत्रुस, र पत्रुस प्रेरितमा निर्माण गरिएको थियो, त्यसैले, *यस्तो–र–यस्तो*, प्रेरितको सहमतिमा, उत्तराधिकारी।"

प्रोटेस्टेन्टहरुले भने, "यो येशू ख्रीष्टमा निर्माण गरिएको थियो।"

269 फरक हुनको लागि होइन, तर उहाँले भन्नुभएको कुरालाई लिनुहोस्! उहाँले भन्नुभयो, "रगत र मासुले तिमीलाई यो प्रकट गरेको होइन, तर स्वर्गमा हुनुहुने मेरो पिताले तिमीलाई यो प्रकट गर्नुभयो। र यो चट्टानमा" (वचन के हो भन्ने आत्मिक प्रकाश) "म मेरो मण्डली निर्माण गर्नेछु; र नरकको ढोकाले यसलाई कहिल्यै हल्लाउने छैन।" उहाँको श्रीमती अरु पुरुषसँग परीक्षामा पर्नुहुन्न। "म मेरो मण्डली बनाउनेछु, र नरकको ढोकाले यसलाई कहिल्यै हल्लाउन सक्दैन।"

270 र हाबिल र कयिन, अदनको बगैंचामा। कयिनले आफ्नै अवधारणा ल्यायो, उनले भने, "अब, हेर्नुहोस्, परमेश्वर असल परमेश्वर हुनुहुन्छ। उहाँ सारा प्रकृतिमा हुनुहुन्छ, त्यसैले मैले सिमी र आलु लिनेछु, र मैले—फूलहरु लिनेछु, र म उहाँको लागि एउटा सुन्दर वेदी बनाउनेछु।" त्यो एउटा मण्डली हो। उनले घुडा टेके। उनले परमेश्वरलाई विश्वास गरे। उनले परमेश्वरको आराधना गरे, आफ्नो हात उचाले, र यो बलिदान चढाए। हाबिलले गरेका सबै धार्मिक काम उनले गरे।

271 हाबिलले पनि उही प्रकारको वेदी निर्माण गरे। तर उनले आफ्नो, आफ्नो एउटा थूमा ल्याए। अब, कयिनले त्यो सोचे, पापको लागि औषधी बनाउदै थिए, कि उनको पिता र माताले फल खाएको हुनुपर्छ, जसरी तिनीहरुलाई त्यो बगैंचामा सिकाईएको थियो। तर हाबिल, ईश्वरीय प्रकाशद्वारा, यो थाहा थियो कि यो रगत थियो जसले यो गर्यो। ईश्वरीय प्रकाशद्वारा! र बाइबलले हिब्रूमा भनेको छ, १२ औं अध्याय, ११ औं अध्याय, कि, "विश्वासद्वारा, हाबिलले," (प्रकाश) "परमेश्वरलाई कयिनले भन्दा उत्तम बलिदान चढाए, जसद्वारा परमेश्वरले उनलाई धर्मी भन्नुभयो।"

के त्यो सहि हो? आमेन! दाजुभाई, दिदिबहिनी, यो मेरो लागि, कुनै पनि कुरा हुनसक्ने जत्तिको स्पष्ट छ। त्यहाँ सबै कुरा छ।

272 अब *विवाह र सम्बन्ध विच्छेदमा,* हेर्नुहोस्, यो प्रकट हुनुपर्दछ। यो प्रकट नभएसम्म, तपाईलाई यो थाहा छैन। तर उहाँले अन्तिम दिनहरुमा, यस युगमा, कि बाईबलमा गुप्तमा रहेका हरेक रहस्य प्रकट गरिनेछ। कतिजनालाई त्यो थाहा छ? प्रकाश, १० औं अध्याय! येशूले यो प्रतिज्ञा गर्नुभयो, कि यी सबै लुकेका रहस्यहरु—*विवाह र सम्बन्ध विच्छेदमा,* यी सबै अन्य लुकेका रहस्यहरु जुन, अन्तिम समयमा प्रकट हुनेछ। अब तपाईलाई स्मरण छ, आवाजले भनेको थियो, "ट्युक्सनमा जाउ।" आकाशमा रहस्यमय ज्योति स्मरण छ? त्यहाँ उभिरहेको सातौ स्वर्गदूत? फर्केर आयो, र सात मोहोर खोलियो। के भएको छ हेर्नुहोस्। त्यो सत्य हो।

273 अब केवल थोरै टाढा जाउ। तर अब, तपाई सुन्नुहोस्! मलाई थाहा छ कि यो तपाईले खाने समय भएको छ, तर म राम्ररी खाईरहेको छु।

274 ध्यान दिनुहोस्, अब, महिलाले आफ्नो ठाउ पाएकी छिन, र उनी एक गहना हुन्। सोलोमन, यो मानिस जसको दास हजार पत्नीहरु थिए... वा एक हजार पत्नीहरु थिए, लगभग, उनले भने, "एउटा मानिस जसले एउटी श्रीमती भेट्टायो, त्यसले असल कुरा भेट्टायो।" उनले भने, "एउटा असल स्त्री उसको मुकुटमा एउटा गहना हो," त्यो एउटा सम्मान हो। "तर अधर्मी आफ्नो रगतमा पानी हो," त्यो उसको जीवन हो। उनले भने, "त्यहाँ हजारौमा एउटा धर्मी मानिस भेट्टाउन सक्छ," सोलोमनले यो भने, "तर," भन्यो, "तपाईले हजारौमा एउटा पनि धर्मी स्त्री भेट्टाउनुहुनेछैन।" सोलोमनले त्यो भनेका थिए, हेर्नुहोस्। अब ध्यान दिनुहोस् कि, यो कस्तो छ।

275 तर, तपाई देख्नुहुन्छ, महिला, तपाई—तपाई एउटा गहना हुनुहुन्छ यदि तपाई गहना बन्न चाहनुहुन्छ भने, तर चाहना तपाईबाट हुनुपर्दछ। र तपाईले देख्नुहुन्छ किन *विवाह र सम्बन्ध विच्छेद* थियो, कि येशूले पछाडिमा गैर इंगित गर्नुभयो यो यसकारणले किनकि तपाईको किसिम नै सबै पापको कारण थियो। त्यहि नै कारणले बहुविवाह र सम्बन्ध विच्छेद, र कुराहरु, आयो। शुरूमा यो कहिल्यै पनि त्यस्तो थिएन, र यो पारीको संसारमा पनि हुनेछैन।

276 याकूबलाई हेर्नुहोस्, जसबाट कुलपिताहरु आए। उनीसँग कम्तिमा

दर्जन पत्नीहरु थिए। उनले दुई दिदिबहिनीहरुलाई विवाह गरे, र त्यसबाहेक उनको उपपत्नीहरु थिए, उनीसँगै बस्ने सामान्य महिलाहरु थिए। र ती कुलपिताहरु ठिक ती उपपत्नीहरुद्वारा जन्मिए। के त्यो सहि हो? बुझ्नुभयो, तपाईले वचनलाई सहज बनाउनुपर्छ।

277 ओ, त्यसमा मसँग पानाहरु छन्। यदि कुनै धर्मगुरूले मलाई कहिल्यै यसमा प्रश्नहरु राख्नुभयो भने, र हामी सँगै हुनेछौ, हामी यसमा कुरा गर्न सक्नेछौ। तर निस्चय नै, यदि उन्म आत्मिकता छ भने, उहाँले ठिक यहाँ सत्य छ भनि देख्न सक्नुहुन्छ। त्यहाँ यसमा कुनै प्रश्न छैन।

278 एउटा असल महिला एउटा असल कुरा हो। मलाई त्यो थाहा छ। म यो सच्चा महिलाहरुबाट जान्दछु। मैले वास्तविक महिलाहरु भेटेको छु जो सच्चा छन्, कुनै पनि मानिस हिडेको जत्तिकै सच्चा छन्।

279 उनी उसको उप–उत्पादन र एउटा टुक्रा हुन्, र शरद ऋतुमा उसले उनको कुरा सुन्यो। उहाँले केवल...उनी उहाँको हिस्सा हुन्। तर, यो उनमा भर पर्छ, उनी फोहोरी हुन सक्ने क्षमताका साथ बनाईएकि हुन्, र उनलाई इन्कार गर्ने वा स्वीकार गर्ने अधिकार दिईएको छ। त्यो शुरूमा भएको सक्कल स्वभावको विपरित छ, हेर्नुहोस्, तर त्यहाँ तपाई हुनुहुन्छ।

280 अब यो बाह्र बजेको छ, त्यसैले म केहि मिनेटको लागि यहाँ केहि कुरा छोड्नेछु। म तपाईलाई केहि कुरा सोध्न चाहन्छु।

281 अब, याद गर्नुहोस्, म यो केवल मेरो समूहलाई मात्र भन्दछु। र बाहिर हावामा, म यो केवल मेरो अनुयायीहरुलाई मात्र भन्दैछु। यो संदेश तिनीहरुको लागि मात्र हो, जे म यहाँ भन्न जाँदैछु।

282 कुनै पनि सेवक, उ, त्यो उसको, हो, उहाँ बगालको गोठालो हुनुहुन्छ, उहाँलाई जे गर्न मन लाग्छ त्यो गर्न दिऔ। त्यो उहाँ र परमेश्वरको कुरा हो। कुनै पनि पूजाहारी, कुनै पनि प्रचारक, त्यो तपाईमा भर पर्छ, मेरो भाई।

283 म यहाँ जेफरसनभिलमा मात्रै बोल्दैछु, एक मात्रै ठाउँ जहाँ म यो बोल्दछु, किनभने यो मेरो आफ्नै बगाल हो। यो बगाल हो जुन पवित्र आत्माले मलाई निरीक्षक हुनको लागि बुझाउन दिनुभएको छ, र उहाँले मलाई यसको लागि जिम्मेवार ठहराउनुहुनेछ। र यी मेरा मानिसहरु देश बाहिरबाट पनि परिवर्तन हुनुभएका हरु छन्, जसलाई मैले ख्रीष्टमा डोहोर्याएको छु। र, साना नानीहरु, म यहाँ तपाईलाई सहायता गर्नको लागि छु, र म तपाईको मित्र हुँ। तपाईले म तपाईको विरुद्धमा बोल्दैछु भनि

सोच्नुहोला; म यो भन्दैछु, हेर्नुहोस्, तपाईको भलाईको लागि। म तपाईलाई प्रेम गर्छु। र यदि त्यो यस्तो होइन भने, परमेश्वर मेरो न्यायकर्ता हुनुहुन्छ। म तपाईलाई प्रेम गर्दछु भनि तपाई जान्नुहुन्छ।

284 यो एउटा भयानक बलियो कुरा हो, मलाई थाहा थिएन यसलाई कसरी बाहिर ल्याउने। म के गर्नेछु, अब मेरो मण्डलीमा बसिरहेका महिला र पुरुषहरु पाए, ती मध्ये केहि दुई वा तिन पटक विवाहित छन्? असल पुरुष र असल महिलाहरु, सबै मिश्रित! यसले के गर्यो? झूटा शिक्षा, वास्तवमै, प्रभुमा प्रतिक्षा नगरी।

285 "जुन कुरा परमेश्वरले जोड्नुभएको छ, कुनै पनि मानिसले त्यसलाई नछुट्याओस्।" मानिसले सँगै जोडेको कुरा होइन; जे "परमेश्वरले" सँगै जोड्नुभयो! जब तपाईले प्रतक्ष्य प्रकाश परमेश्वरबाट पाउनुभयो, त्यो तपाईको श्रीमती हो, र उही कुरा, त्यो तपाईको हो, तपाई बाकि भएको जीवनन सम्मलाई। बुझ्नुभयो? तर मानिसले जे सँगै जोड्छ, जो कोहिले पनि तोड्न सक्छ। तर जुन कुरा परमेश्वरले सँगै जोड्नुहुन्छ, कुनै पनि मानिसले त्यसलाई छुने साहस नगर्दा हुन्छ। "जुन पनि परमेश्वरलेसँगै जोड्नुहुन्छ," उहाँले भन्नुभयो, "कुनै पनि मानिसले त्यसलाई नछुट्याओस्।" त्यो होइन जुन कुनै आधा रक्सीले मातिएको मजिस्ट्रेटले वा अरु केहिले सँगै राख्छ, या कुनै पुस्तकमा पन्थको झुण्ड सहितको विश्वासमा विश्वास गुमाएको प्रचारक, जसले तिनीहरुलाई संसारमा जे पनि गर्न दिन्छ, र परमेश्वरको वचन ठिक त्यहाँ राखिएको छ। बुझ्नुभयो? म परमेश्वरले सँगै जोड्नुभएको कुराको बारेमा बोल्दैछु।

286 अब म तपाईलाई यो भन्न जाँदैछु। म तपाईलाई के भन्छु त्यसमा एकदम होसियार छु। म तपाई मानिसहरुमा रुखो हुन चाहेको होइन। म तपाईहरु कठोर हुन खोजेको होइन, मेरो पाष्टर भाईहरु। मेरो मतलब त्यो होइन। तर म जिम्मेवार छु, यो जानेर कि यो मेरो हातमा दिईएको छ, र यदि... मैले यसलाई समात्न सक्दिन, र यो कसरी बाहिर दिने मलाई थाहा छैन, र मलाई थाहा छ कि यो टेपले गर्नेछ...ओ, मेरो, म भर्खरै तयार हुनेछु, कार्यलय खुल्छ, किनकि यो यहाँ आउँछ। बुझ्नुभयो?

287 जस्तो कि यो *सर्पको बीउमा* थियो, तर यो बिल्कुल सहि हो भनि प्रमाणित भएको छ। मसँग ठिक यहाँ कागजहरु छ, कागजबाट बाहिर, जहाँ महिलाहरु अहिले...र यहाँसम्म कि—महान्...केहि महान प्रदेशहरुसँग

मौलिक तस्बिरहरु छन्, एउटा सर्प एउटा महिलाको खुट्टामा घस्रीरहेको, र कसरी यो उनको वरपर बेर्हिन्छ; उनीसँग सबै प्रकारका संवेदनाहरु र चिजहरु छन्, यस्तो कुरा जुन एउटा पुरुषले उनलाई कहिल्यै छुन सक्दैन, यो ठूलो सर्प उनको वरिपरी लपेटिरहेको, र त्यस्तै। त्यो वास्तवमै सहि हो। र यो झन् झन् खराब हुँदै गइरहेको छ, र झन् झन् खराब हुँदै जानेछ। सर्प, जुन उ थिएन...उ सर्प नै रहेको बेलामा उसले उनीसँग यौन सम्बन्ध राख्न सक्दैन थियो, तर याद गर्नुहोस्...

288 मैले अर्को दिन एउटा बहस गर्दै थिए...एउटा बहस होइन, केवल एसेब्ली अफ गडका सेवक र सम्बन्धीहरुसँग, भन्यो, "तपाई गलत हुनुहुन्छ, त्यसमा।"

मैले भने, "ठिक छ, म हुन सक्छु। तपाईले मलाई भन्नुभएको म चाहन्छु।"

289 त्यसपछि उहाँले भन्नुभयो, उहाँ अगाडि बढ्नुभयो र यसको बारेमा बोल्न शुरू गर्नुभयो। तपाईलाई थाहा छ पहिलो कुरा, उहाँ आफै नै हराउनुभयो। र एउटा कुरा उहाँले भन्नुभयो, उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, त्यो प्रजाति कहाँ छ? परमेश्वरले भन्नुभयो, 'आफ्नो किसिमको एउटा प्रजाति।' अब तपाईले भन्नुभएको त्यो प्रजाति कहाँ छ जुन मानिस र पशुको बीचमा थियो, जुन विज्ञानले अहिले भेट्टाउन सक्दैन? उ कहाँ छ?" भन्यो, "के ऊ पृथ्वीमा छ? के ऊ चिम्पान्जी थियो?"

290 "होइन, किनभने एउटा चिम्पान्जीको रगत एउटा महिलामा मिसिदैन, कुनै पनि जनावरले उनीसँग मिसिन सक्दैन। होइन, यो हुदैन, न त एउटा पुरुषको वीर्य स्त्रीसँग—मिसिन्छ। यसले यो गर्नेछैन।"

291 "त्यसोभए त्यो निश्चित जनावर कहाँ छ? अब, परमेश्वरले भन्नुभयो, 'सबै कुराले आफ्नो प्रजाति अनुसार ल्याओस्।'"

292 मैले एक मिनेट मात्रै प्रतिक्षा गरे। र पवित्र आत्माको मिठासले भन्यो, "उसलाई भन, 'यो यहाँ छ।'"

अब, शुरूमा मैले भने, "ठिक छ, यो लोप भएको हुनुपर्छ।"

उहाँले भन्नुभयो, "तर, भाई ब्रन्हाम, त्यो, हामी वचनको बारेमा बोलिरहेका छौ, होइन र?"

293 मैले भने, "हो, श्रीमान।" र मैले भने, "तिनीहरु, पक्कै पनि, दावी गर्छन् कि अन्य कुराहरु, जस्तै डायनासोर र—र म्यामथ, र त्यस्तै, स्तनधारी, या म्यामोथ, बरु, तिनीहरु लोप भएका छन्, र त्यस्तै।" मैले भने, "यो त्यो हुनसक्थ्यो।"

294 उहाँले भन्नुभयो, "भाई ब्रन्हाम, हामीहरु वचनको प्रमाणको बारेमा बोलिरहेका छौ। यदि पाप यहाँ छ भने, त्यसोभए, सक्कल पाप, यो पनि यहाँ हुनुपर्दछ।"

295 र मैले भने, "प्रभु येशू, मैले भने, 'कुनै पनि विचार नलिनुहोस् जब तपाई मानिसहरुको अगाडि आउनुहुन्छ, किनभने यो तपाईलाई त्यस घडीमा दिईनेछ।' प्रभु, म के भनु?" उहाँले भन्नुभयो, "उसलाई भन, 'यो यहाँ छ।'" उस्तै नै, म मंचमा दर्शनहरु देख्छु।

296 मैले भने, "यो यहाँ छ," कहाँ छ थाहा थिएन।

उहाँले भन्नुभयो, "कहाँ?"

र मैले सोच्न पाउनुभन्दा अगाडि, उहाँले भन्नुभयो, "यो सर्प हो।"

297 त्यो उही नै जे त्यो थियो, किनकि त्यो अब पशु रहेन। त्यो श्रापित भयो र त्यसको बाकि रहेका जीवन भारी पेटले हिड्ने भयो। त्यो यहाँ छ। के त्यो सही हो? र अझै पनि त्यसले गरेको त्यो कार्यमा, त्यहाँ अझै पनि त्यहि पापले महिलाको वरिपरी काम गरिरहेको छ, जस्तो एउटा पुरुष लिङ्ग त्यस्तै छ। त्यहाँ उनको अन्धो दृष्टिको अवस्था र अन्य छ, जबकि उनीसँग कुनै केटा मानिससँग भन्दा धेरै संवेदना छ।

298 म त्यहाँ रोक्छु किनकि हामी मिश्रित भीडमा छौ। म केहि पुरुषहरु ल्याउनेछु, म...हामी यसको बारेमा अझै धेरै कुरा गर्नेछौ। सबै कागजहरु र कुराहरु ठिक यहाँ राखेको छु, ठिक यहाँ मेरो हातनिर अब, र म यो तपाईकोमा यस बिहानमा ल्याउनेवाला थिए। मैले पूरा दिन यसमा लिनेवाला थिए, तर म अब यो भन्दै बन्द गर्नेछु।

299 यो मेरो मण्डलीको लागि मात्रै हो। मेरो मण्डली होइन...त्यो सानो बगाल जसले मलाई विश्वास गर्छ र मलाई पछ्याउछ, यो तिनीहरुको लागि हो।

300 अर्को दिन, यो जानेर कि जब म तपाईलाई केहि कुरा भन्छु, यो **परमप्रभु यसो भन्नुहुन्छ** बाट आउनुपर्दछ, तब मसँग पदहरु छन् जसरी उहाँले

मलाई प्रकाश गर्नुभएको छ। तर, “प्रभु परमेश्वर, म त्यो मण्डलीलाई के भन्न सक्छु? मेरो अलगाव हुनेछ। मानिस द्वारमण्डप र आँगनमा बसिरहेको हुनेछन्, र जताततै, ‘के म उनलाई छोडू?’ महिलाहरु, ‘के मैले मेरो श्रीमानलाई छोड्ने?’ ‘मैले के गरूँ?’” मैले भने, “प्रभु, मैले के गर्न सक्छु?”

301 केहिले मलाई भन्यो, “माथि डाँडामा जाउ, र म तिमीसँग बोल्नेछु।”

302 र जब म माथि डाँडामा थिए, तल ट्युक्सनमा तिनीहरुले यो देखिरहेका थिए भनि जान्दिन थिए। तर शिक्षकहरुले समेत बच्चाहरुलाई बोलाए... मेरी सानी केटि र तिनीहरु, विद्यालयको कोठाबाट, र भन्नुभयो, “त्यहाँ पहाडमा हेर्नुहोस्! त्यहाँ एउटा आगो जस्तो देखिने ठूलो बादल हावामा माथि गईरहेको छ र फेरी तल आउदैछ, हावामा माथि जाँदै र फर्केर तल आउँदै।”

303 श्रीमती. इभान्स, के तपाई यहाँ हुनुहुन्छ? रोनी, तपाई यहाँ हुनुहुन्छ? म पछाडी तल स्टेसनबाट आउछु, यो जवान केटा फिलींग स्टेसनबाट, एभान्स त्यहाँ फिलिंग स्टेसनबाट। र केटाले के भन्न जाँदै थियो त्यो मैले जान्नुभन्दा पहिले, उसले मेरो खुट्टामा लियो, उसले भन्यो, “भाई ब्रन्हाम, तपाई त्यहाँ पारी डाँडामा हुनुहुन्थ्यो, होइन र?”

304 मैले भने, “तपाईको अर्थ के हो, रोनी? होइन,” बुझ्नुभयो, हेर्नको लागि उसले के गर्न जाँदै थियो। धेरै पटक कुराहरु हुन्छ, मलाई थाहा हुदैन, तपाईले यो मानिसहरुलाई नभन्नुहोस्। यो बन्छ...यसको कुरा, तपाईले धेरै कुराहरु भईरहेको देख्नुहुन्छ, यो तपाईको लागि सामान्य बन्दछ। बुझ्नुभयो? म केवल मानिसहरुलाई भन्दिन। मैले भने, “रोनी, तिमी के थियौ...”

305 उसले भन्यो, “म तपाई ठिक कहाँ हुनुहुन्थ्यो त्यो देखाउन सक्छु।” भन्यो, “मैले आमालाई बोलाएँ, र हामी यहाँ उभियौ र त्यो बादल माथि र तल जाँदै गरेको हेरिरहेका थियौ। मैले भने, ‘यो भाई ब्रन्हाम त्यहाँ कतै बसिरहनुभएको हुनुपर्छ। त्यो परमेश्वर उससँग बोल्दै हुनुहुन्छ।’”

306 र पूरा शहर, मानिसहरुले, यसलाई हेरे। उज्यालो दिनमा कतै पनि बादल नभएको बेला, यो ठूलो बादल त्यहाँ झुण्डिरहेको थियो; एउटा फनेल जस्तै गरी तल आईरहेको, पछाडी फर्केर फैलिदै थियो।

307 मित्रहरु, र त्यसपछि म बन्द गर्दैछु, तपाईहरु यसबाट जान सक्नुहुन्छ। त्यो बेलामा यो मलाई प्रकट गरिएको थियो, जे म अहिले तपाईलाई भन्न गईरहेको छु, त्यसैले यसलाई नछुटाउनुहोस्।

308 अब म हाम्रा अनुयायीहरुसँग मात्रै बोल्दैछु, जसले मलाई र यो संदेशलाई मात्रै पछ्याईरहनुभएको छ, बाहिरको को लागि होइन। यसको लागि परमेश्वरको अगाडि मेरो अभिलेक राख्नुहोस्। केवल यो समूहको लागि मात्रै!

309 अब हामी यो लथालिंगोपनमा ईश्वरशास्त्रको गलत व्याख्याको कारणले छौ। के त्यो सहि हो? त्यहि कारणले तपाई महिलाहरु र पुरुषहरुले, दोस्रो पटक विवाह गर्नुभयो, यो ईश्वरशास्त्रको गलत व्याख्याले। अब म तपाईलाई केहि देखौना चाहन्छु जुन उहाँले मलाई भन्नुभयो।

310 र यदि परमेश्वर, हाम्रो सृष्टिकर्ता, येशू ख्रीष्टलाई, त्यो प्रश्नले प्रश्न गरियो जब उहाना यहाँ पृथ्वीमा हुनुहुन्थ्यो; र जब उहाँको छुटकाराको अगमवक्ता अगाडि आए, मोशा, तल मिश्रमा, मिश्रका छोराछोरीहरुलाई—ल्याउन, तिनीहरुलाई प्रतिज्ञाको देशमा राख्न; र येशूले यहाँ भन्नुभयो कि मोशाले मानिसहरुलाई यो अवस्थामा देखे, र उनले तिनीहरुलाई सम्बन्ध विच्छेदको लेखी दिए, किनभने अवस्था त्यस्तै थियो। मोशाले यस्तो भेट्टाए, "उसले कष्ट भोग्न देऊ..." परमेश्वरले मोशालाई अनुमति दिनुभयो, जुन अगमवक्ता मानिसहरुमा पठाउनुभएको थियो, तिनीहरुलाई सम्बन्ध विच्छेदको कागज प्रदान गर्नको लागि।

311 र पहिलो कोरिन्थीमा, ७—७ औं अध्याय, १२ औं र १५ औं पद, नयाँ नियमको अगमवक्तामा, पावल, जसले मण्डलीमा त्यहि कुरा भेटे, र यो बोले, "यो म हुँ, प्रभु होइन।" त्यो सहि हो? सम्बन्ध विच्छेदको अवस्थाको कारणले।

312 "यो शुरू देखि नै त्यस्तो थिएन।" तर मोशालाई यसको अनुमति दिईयो, र परमेश्वरले यो धार्मिकतालाई पहिचान गर्नुभयो। अनि पावलसँग पनि अधिकार थियो, जब उनले मण्डलीलाई त्यस अवस्थामा भेटे।

313 अब तपाई यो सत्य हो भनि विश्वास गर्नुहुन्छ, र यो परमेश्वरबाट आएको हो भनि विश्वास गर्नुहुन्छ! र उहाँको बादलको प्रमाणले र उहाँको संदेशले जसले मलाई यति टाढासम्म ल्यायो, डाँडामा हुनुभएको परमेश्वरले के मलाई उही कुरा अनुमति दिनुहुदैन, तपाई जुन बाटोमा हुनुहुन्छ त्यहि बाटोमा

जानको निम्ति, र अब उप्रान्त नगर्नको लागि! तपाईको श्रीमतीसँग जानुहोस् र शान्तिमा जिउनुहोस्, किनकि समय ढिलो भईरहेको छ। परमप्रभुको आगमन नजिकै छ। हामीसँग यी कुराहरु तोड्ने समय छैन। तपाईले यसलाई फेरी पनि गर्ने साहस नगर्नुहोस्! मैले केवल मेरो मण्डलीलाई बोलिरहेको छु। तर यदि तपाई विवाहित हुनुहुन्छ...र परमेश्वरले मलाई त्यसको साक्षी दिनुभयो, डाँडामा, ताकी मैले यो भन्न सकूँ, एउटा अलौकिक प्रकाश, सात मोहोरहरु खोलिएको कारणले, र यो परमेश्वरको वचनमा एउटा प्रश्न हो। "तिनीहरुलाई रहिरहन दिनुहोस्, जस्तो तिनीहरु छन्, र अब उप्रान्त पाप नगर्नुहोस्!"

314 "यो शुरू देखि नै त्यस्तो थिएन।" त्यो सहि हो, यो त्यस्तो थिएन, र यो अन्त्यमा हुनेछैन। तर आधुनिक परिस्थितिहरुमा, परमेश्वरको दासको रूपमा...म आफैलाई उहाँको अगमवक्ता भन्दिन; तर म विश्वास गर्छु हुनसक्छ, यदि म त्यसको लागि पठाएको हुन्न थिए भने, म उहाँको लागि मैदान तयार पार्दैछु जब उहाँ आउनुहुन्छ। त्यसैले आधुनिक अवस्थाहरुमा, म तपाईलाई आफ्नो घरमा, अहिले तपाईको पत्नीसँग जानको निम्ति आज्ञा दिदछु। यदी तपाई उनीसँग खुसी हुनुहुन्छ भने, उनीसँग बस्नुहोस्, तपाईको छोराछोरीहरुलाई परमेश्वरको सल्लाहमा हुर्काउनुहोस्। तर यदि तपाईले कहिल्यै फेरी त्यो गर्नुभयो भने परमेश्वरले तपाई माथि दया गर्नुभएको होस्। तपाईले आफ्ना छोराछोरीहरुलाई त्यस्तो काम कहिल्यै नगर्नको लागि सिकाउनुहोस्, तिनीहरुलाई परमेश्वरको सल्लाहमा हुर्काउनुहोस्। र अब तपाई जस्तो हुनुहुन्छ त्यस्तै, अब हामी जाऔ, अहिले हामी जिईरहेको साँझको अन्तिम घडीमा, र "ख्रीष्टमा उच्च बोलावटको चिन्ह तर्फ अगाडि बढ्दै," जहाँ सबैकुराहरु सम्भव हुन्छ।

315 आज राति म तपाईलाई नदेखेसम्म, हामी प्रार्थना गर्दै जाँदा, परमप्रभु परमेश्वरले तपाईलाई आशिष दिऊन्।

316 परमप्रभु परमेश्वर, हामी तपाईलाई धन्यवाद दिन्छौ। हामी तपाईलाई प्रशंसा दिन्छौ। तपाई उही महान यहोवा हुनुहुन्छ जसले मोशालाई चलाउनुभयो। मोशा, त्यो दास, उनले आफ्ना मानिसहरुलाई के भन्नेछन्? र, परमेश्वर, तपाईले उनलाई सम्बन्ध विच्छेदको लेख दिनको लागि अनुमति दिनुभयो। पावल, महान् प्रेरित जो नयाँ करारका लेखक थिए, जसरी मोशा पुरानो समयका थिए। मोशाले व्यवस्था र व्यवस्थाका

विधान लेखे। धेरै जसो अगमवक्ताहरु, तिनीहरुको शब्दहरु यसमा घुसाईएको थियो, तर मोशाले व्यवस्थाहरु लेखे। र तपाईले उनलाई लेख्न लगाउनुभयो, तिनीहरुमा सम्बन्ध विच्छेदको लेख लेख्न, तिनीहरुको हृदयको कठोरताको कारणले गर्दा।

317 महान् सन्त पावल, नयाँ करारको लेखक भएको नाताले, उनले पनि यस्तो दाबी गर्न सके, कि, “म यी अवस्थाहरुमा बोल्छु; म, प्रभु होइन।”

318 त्यस्तै नै आज छ, प्रभु परमेश्वर, संसारको अन्त्यतर्फ, जसरी हामी यहाँ परमेश्वरको दयामा छौ, यो जानेर कि चाडै नै हामीले उहाँको उपस्थितिमा जवाफ दिनेछौ। र तपाईले धेरै गर्नुभयो, प्रभु, म निश्चित छु, यी मानिसहरुको नजरमा, यो तपाईबाट आएको जसरी तिनीहरु यसमा झुण्डिरहनेछन्। र आज यहाँ साक्षीको लागि, धेरै मानिसहरु बसिरहेका छन् जसले त्यहाँ माथि डाँडामा चिन्हसमेत देखेका थिए, जहाँ परमप्रभुका स्वर्गदूतहरु भुमरीमा आएका थिए, जहाँ यो सात स्वर्गदूतहरुमा आयो, जहाँ सात रहस्यहरुको खुलासा भयो; र उही स्वर्गदुत, उही दिशामा, उही डाँडामा, जुन दिन यो प्रकट गरिएको थियो!

319 परमेश्वर, म प्रार्थना गर्छु कि मानिसहरु धन्यवादी हुँदै घर जानेछन् कि परमेश्वरले तिनीहरुलाई अनुग्रह प्रदान गर्नुभयो। मैले यो मात्रै बोलेको छु, प्रभु, अनुमतिद्धारा। र म यो अनुमतिद्धारा मात्रै भन्छु, प्रभु। र मानिसहरु यति आभारी हुन दिनुहोस् कि तिनीहरुले फेरी कहिल्यै पनि त्यो पाप गर्ने प्रयास नगरून्! र तिनीहरुले कुनै पाप गर्ने प्रयास नगरून्, तर तपाईलाई तिनीहरुको सम्पूर्ण हृदयले प्रेम गरून्। प्रभु, यी मानिसहरुलाई खुसी बनाउनुहोस्, र तिनीहरु उन्नति र तिनीहरुक छोराछोरीहरुलाई परमेश्वरमा हुर्काउन सकून्।

320 किनकि, मेरो हृदयमा भएको मेरो सन्देश पुर्याईएको छ, प्रभु। मैले जाने अनुसारले मैले सबै गरेको छु। र शैतानले मसँग हप्तौ, र घन्टौसम्म अनिदो गरी लडेको छ। तर अब म यो आज्ञा दिन्छु, प्रभु, यी मानिसहरुलाई, कि तिनीहरुले यसलाई अध्ययन गरून्, र गएर तपाईको निम्ति जिउन्। प्रदान गर्नुहोस्, प्रभु। यो अहिले मेरो काँधबाट निस्केको छ। तिनीहरु तपाईको हातमा छन्। म प्रार्थना गर्छु कि तपाईले तिनीहरुलाई आशिष दिनुहुनेछ।

321 यी रुमालहरुलाई आशिष दिनुहोस्, प्रभु, जुन बिरामी र दुखीहरुको निम्ति, यहाँ भर्खरै राखिएको छ। हुनसकोस् कि यस रत एउटा महान,

शक्तिशाली रात भएको होस्, कि सबै मानिसहरु चंगाई भएका होऊन्। यसलाई प्रदान गर्नुहोस्, प्रभु। हामीलाई सँगै आशिष दिनुहोस्।

322 हामी शान्ति, खुसी, आनन्द गर्दै जान सकौ, किनभने सृष्टिको परमेश्वरले हामीलाई देखाउनुभएको छ, "शुरूबाट के थियो भनि," हाम्रो झमेलामा जुनमा हामी छौ, उहाँको अनुग्रह फेरी पनि, यस अन्तिम दिनहरुमा, हामीमा विस्तार गर्नुभएको छ। ओ महान् र अनन्त परमेश्वर, यसको लागि हामी तपाईलाई कति धन्यवाद दिन्छौ। र हाम्रा हृदयहरु यति खुसी भएका होऊन्, कि हामीमा कहिल्यै पनि तपाईको विरुद्धमा पाप गर्ने अर्को चाहना नहोस्। येशूको नाममा। आमेन।

म उहाँलाई प्रेम गर्छु, (किन तपाईले उहाँलाई प्रेम गर्नुहुन्न?) म उहाँलाई प्रेम गर्छु
किनभने उहाँले मलाई पहिले प्रेम गर्नुभयो
र मेरो मुक्ति किन्नुभयो
कलवरीमा...

323 म यो अहिले भन्छु ताकी सेवकहरुले बुझ्नुहुनेछ। यो तिनीहरुको लागि जसले यो संदेश मात्रै पछ्याउनुहुँदछ!

324 ओ, के तपाई खुसी हुनुहुन्छ? [मण्डलीले भन्छ, "आमेन।"—सम्पा।] मैले तपाईलाई सत्य भनेको छु, **परमप्रभु यसो भन्नुहुन्छ**, सबै बाटो भएर! ["आमेन!"]

325 अब हामी खडा होऊ र हाम्रा हातहरु उचालौ, फेरी पनि हामी यो गाउदै गर्दा, "म उहाँलाई प्रेम गर्छु।" म उहाँलाई उहाँको अनुग्रहको निम्ति प्रेम गर्छु। म उहाँलाई उहाँको दयाको निम्ति प्रेम गर्छु। म उहाँलाई उहाँको वचनको निम्ति प्रेम गर्छु। "र परमप्रभुको वचन अगमवक्ताहरुकहाँ आयो!"

म...

326 आउनुहोस् भाई, अगाडि बढ्नुहोस्।

65-0221M विवाह र सम्बन्ध विच्छेद
पार्कभ्यू जुनियर हाई स्कूल
जेफेर्सनविल, इन्डियाना यु.एस.ए

NEPALI

©2024 VGR, ALL RIGHTS RESERVED

Voice Of God Recordings, India Office
19 (New No: 28) Shenoy Road, Nungambakkam
Chennai 600 034, India
044 28274560 • 044 28251791
india@vgroffice.org

Voice Of God Recordings
P.O. Box 950, Jeffersonville, Indiana 47131 U.S.A.
www.branham.org

## प्रतिलिपि अधिकार सूचना

सर्वाधिकार सुरक्षित। यस पुस्तक येशू ख्रीष्टको सुसमाचार फैलाउने एउटा उपकरणको रूपमा, घरेलु प्रिन्टरमा निशुल्क, व्यक्तिगत उपयोग वा बाढ्नको निम्ति प्रिन्ट गर्न सकिन्छ। भोईस अफ गड रेकर्डिङ्गको® स्पष्ट लिखित अनुमति बिना यस पुस्तकलाई बिक्री गर्न, ठूलो स्तरमा पुनः उत्पादन गर्न, वेबसाईटमा प्रेषित गर्न, पुनर्प्राप्ती प्रणालीमा संग्रहित गर्न, अन्य भाषाहरुमा अनुवाद गर्न, वा पूँजी प्राप्त गर्नको निम्ति उपायोग गर्न सकिदैन।

थप जानकारीको लागि वा अन्य उपलब्ध रहेको सामग्रीको लागि, कृपया सम्पर्क गर्नुहोस्:

VOICE OF GOD RECORDINGS, INDIA OFFICE
19 (NEW NO: 28) SHENOY ROAD, NUNGAMBAKKAM
CHENNAI 600 034, INDIA
044 28274560 • 044 28251791
india@vgroffice.org

VOICE OF GOD RECORDINGS
P.O. BOX 950, JEFFERSONVILLE, INDIANA 47131 U.S.A.
www.branham.org